# आर्थिक सर्वेक्षण २०८२/०८३




## अपिहिमाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खण्डेश्वरी, दार्चुला

## सुदुरपश्चिम प्रदेश नेपाल

## बिषय सूची


भाग १. कार्यकारी सारांश .......... ४

भाग २. समग्र आर्थिक स्थिति .......... ९

क) अन्तराष्ट्रिय स्थिति: .......... ९

ख) बिश्व आर्थिक वृद्धिदर .......... ९

ग) नेपालको आर्थिक स्थिति: .......... १०

भाग ३. स्थानीय वित्त .......... १२

क) स्थानीय आयः .......... १२

ख) स्थानीय आय व्यवस्थापनमा भएका चुनौतीहरु .......... १४

ग) अन्तर सरकारी वित्तीय हस्तान्त्रण .......... १५

भाग ४. आर्थिक विकास .......... १९

क) स्थानीय सडक निर्माण .......... १९

ख) सिंचाईको .......... १९

ग) वित्तीय क्षेत्र .......... १९

भाग ५. सामाजिक विकास .......... २६

क) स्वास्थ्य .......... २६

ख) शिक्षा .......... २८

ग) खानेपानी तथा सरसफाई .......... ३२

घ) व्यक्तिगत घटना दर्ता .......... ३३

ङ) युवा तथा खेलकुद .......... ३६

भाग ६. सुशासन तथा संस्थागत विकास .......... ३८

क) गाउँपालिकाबाट प्रशासनिक सेवा प्रवाहमा भएका केही अभ्यासहरू .......... ३८

ख) अपिहिमाल गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण .......... ३८

ग) स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (त्ज्म्क्र): .......... ४०

भाग ७. निष्कर्ष तथा सुझावहरू .......... ४२

# कार्यदलको भनाई

स्थानीय आर्थिक विकास मूल्यॉंकन कार्यविधि, २०७९ बमोजिम स्थानीय तहले निर्माण गर्नुपर्ने स्थानीय आर्थिक सर्वेक्षणलाई अपिहिमाल गाउँपालिकाले पहिलो पटक निर्माण गर्ने जमर्को गरेको छ । यस सन्दर्भमा गाउँपलिकाको निर्णय अनुसार स्थानीय आर्थिक विकास मूल्यॉंकन कार्यविधि, २०७९ को अनुसूची-६ मा उल्लेख भएका विषयहरुको आधारमा आर्थिक सर्वेक्षणको मस्यौदा तयारी गर्न विभिन्न तीन सदस्यीय एक आर्थिक सर्वेक्षण मस्यौदा तयारी कार्यदल गठन गरी मस्यौदा तयारी गर्ने जिम्मेवारी प्रदान गरिएको हो। उक्त कार्यदलको अथक मेहेनत र प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा प्रमुखहरु एवं वडा सचिव लगायतको प्रभावकारी सहयोग तथा समन्वयबाट प्रस्तुत मस्यौदा तयार गरिएको छ।

प्रस्तुत आर्थिक सर्वेक्षणको मस्यौदामा गाउँपालिकाको आर्थिक सामाजिक क्षेत्रमा गाउँपालिकाको वास्तबिक अवस्था प्रतिबिम्बित गरिएको छ । प्रस्तुत दस्ताबेजमा गत आ.व. ०८१/०८२ र चालु आ.व. ०८२/०८३ को चैत्र मसान्त सम्मको यथार्थ विवरण राखिएको छ । यसबाट आगामी दिनमा गाउँपालिकाले लिनुपर्ने नीति कार्यक्रम, आवधिक योजना तयारी, मध्यकालिन खर्च संरचना निर्माण, दिगो विकास लक्ष्यको स्थानीयकरण एवं वार्षिक योजना तयारीको लागि समेत आवश्यक मार्गदर्शन हुने विश्वाश लिइएको छ ।

**कार्यदलका सदस्यहरु**

१. लोकेन्द्र बहादुर बिष्ट (प्रमुख प्रशासकिय अधिकृत) - संयोजक
२. विरेन्द्र साउद(शिक्षा अधिकृत - सदस्य
३. प्रमोद सिंह मन्याल(सूचना प्रविधि अधिकृत) - सदस्य

# भाग १. कार्यकारी सारांश

**क) विश्व अर्थतन्त्र:** विश्वव्यापी अनिश्चितता, व्यापार अवरोध र मध्यपूर्वी एसियामा जारी द्वन्द्वका कारण सन् २०२६ मा विश्व अर्थतन्त्रको विस्तार ३.१ प्रतिशतमा सीमित हुने अनुमान छ । सन् २०२५ मा प्रविधिमा आधारित लगानीमा भएको वृद्धि र अनुकूल वित्त नीतिका कारण अर्थतन्त्र ३.४ प्रतिशतले विस्तार भएको थियो, तर सन् २०२६ को सुरुवातबाट मध्यपूर्वी एसियामा जारी द्वन्द्वका कारण यो गति केही शिथिल बन्न पुगेको छ। रुस-युक्रेन युद्ध र गाजा-इजरायल द्वन्द्वका कारण आपूर्ति शृङ्खलामा अवरोध र ऊर्जाको मूल्य उच्च हुँदा विश्वव्यापी उपभोक्ता मुद्रास्फीति ६.० प्रतिशतभन्दा माथि रहने जोखिम छ।


विकसित मुलुकहरूको अर्थतन्त्र सन् २०२६ मा १.८ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ भने उदीयमान तथा विकासशील एसियाली मुलुकहरूको वृद्धिदर ४.९ प्रतिशत रहने अनुमान छ। मध्यपूर्वी एसियाको युद्धले विप्रेषण आप्रवाह सङ्कुचन हुन सक्ने र पेट्रोलियम पदार्थको मूल्य वृद्धिका कारण विकासशील तथा न्यून आय भएका मुलुकहरूमा आर्थिक सङ्कट थप गहिरिने जोखिम कायम छ। यद्यपि, युद्धको प्रभाव सन् २०२६ को मध्यसम्ममा कम हुँदै गएमा विश्व अर्थतन्त्रले पुनः अपेक्षित लय समात्ने देखिन्छ।

**ख) नेपालको आर्थिक वृद्धि** : विद्युत् तथा ग्यास क्षेत्रमा भएको उल्लेख्य वृद्धि र निर्माण क्षेत्रमा आएको सुधारका बाबजुद कृषि र सेवा क्षेत्रको वृद्धिदर सामान्य रहेकाले आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धि ३.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष २०८१/८२ मा यस्तो वृद्धिदर ४.४३ प्रतिशत रहेको थियो। धान रोप्ने समयमा परेको खडेरी र भित्र्याउने समयमा भएको अत्यधिक वर्षाका कारण धानको उत्पादन ४.१६ प्रतिशतले घट्ने अनुमान छ, जसका कारण कृषि क्षेत्रको वृद्धिदर १.५८ प्रतिशतमा सीमित हुने देखिएको छ।

गैर-कृषि क्षेत्रतर्फ औद्योगिक र सेवा क्षेत्रको विस्तारले गर्दा ४.५४ प्रतिशतको वृद्धि हुने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि (प्राथमिक), उद्योग (द्वितीयक) र सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ। राष्ट्रिय कृषि गणना २०७८ अनुसार कुल परिवारमध्ये ६२.० प्रतिशत परिवार कृषि कार्यमा संलग्न रहेपनि कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान पछिल्ला दशकहरूमा क्रमशः घट्दै गएको छ र सेवा क्षेत्रको हिस्सा बढ्दो क्रममा रहेको छ।

**ग) अपिहिमाल गाउँपालिकाको** चालु आर्थिक बर्षको ११ महिना र गत आर्थिक बर्षको आर्थिक विकास क्षेत्रमा भएको प्रगति, स्थानीय पूर्वाधार विकास, वातावरण क्षेत्रमा भएको प्रगति र संस्थागत पूर्वाधार क्षेत्रमा भएको प्रगतिः

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | (आ.व. २०८१/०८२) विनियोजन | (आ.व. २०८१/०८२) खर्च | खर्च (%) | (आ.व. २०८२/०८३) विनियोजन | आ.व. २०८२/०८३) जेठ मसान्त सम्मको खर्च | खर्च (%) |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३८९१ | ३११९३ | ९२.०४ | ५५९९० | ११२६७ | २०.१२ |
| २ | सामाजिक विकास | १७६५०९ | १५७७९३ | ८९.४० | १७७९२४ | १२५३१९ | ७०.४३ |
| ३ | पूर्वाधार विकास | १९७६० | १७५९८ | ८९.०६ | ६८०९० | ३६५३९ | ५३.६६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४९६६ | १३३८१ | ८९.४१ | १४३९३ | ४६५१ | ३२.३२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७५६९६ | ६०७३८ | ८०.२४ | ८६४३० | ५०९४४ | ५८.९४ |




अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को तुलनामा आर्थिक वर्ष २०८२/८३ को क्षेत्रगत बजेट र खर्चको प्रवृत्तिलाई नियाल्दा स्थानीय तहको प्राथमिकता र बजेट कार्यान्वयनमा

केही महत्त्वपूर्ण आयामहरू स्पष्ट देखिन्छन्। समष्टिगत रूपमा गाउँपालिकाको कुल बजेटको आकारमा २५.५६ प्रतिशतको उल्लेखनीय वृद्धि भई गत वर्षको रु. ३२,०८,२२,००० बाट चालु वर्षमा रु. ४०,२८,२६,६९१ पुगेको छ। यस बजेटमध्ये जेठ मसान्तसम्ममा रु. २२,८७,१९,९२२.१६ खर्च भइसकेको छ, जसले समग्र वित्तीय प्रगति ५६.७ प्रतिशतको हाराहारीमा रहेको देखाउँछ। क्षेत्रगत रूपमा हेर्दा, गाउँपालिकाले सामाजिक विकासलाई उच्च प्राथमिकतामा राख्दै यस क्षेत्रका लागि सबैभन्दा बढी रु. १७,७९,२४,००० विनियोजन गरेको छ, जसभित्र पनि शिक्षा उप-क्षेत्रमा मात्रै रु. १३,००,१९,००० छुट्याइएको छ। शिक्षातर्फको खर्च जेठ मसान्तसम्ममै रु. १०,१०,९०,१९९.७७ पुगिसकेकाले यस क्षेत्रको बजेट कार्यान्वयन उत्साहजनक र लक्षित समयमै भइरहेको बुझ्न सकिन्छ। स्वास्थ्यतर्फ रु. २,८४,७५,००० विनियोजन भए पनि खानेपानी तथा सरसफाई क्षेत्रको बजेटमा भने विगतको रु. १०२ लाखबाट भारी कटौती गरी यस वर्ष रु. ३.५ लाखमा झारिएको देखिन्छ।

त्यसैगरी, गाउँपालिकाले पूर्वाधार र आर्थिक विकासका क्षेत्रमा पनि बजेटको दायरालाई निकै फराकिलो बनाएको छ। पूर्वाधार विकासतर्फको बजेट गत वर्षको तुलनामा तेब्बरले वृद्धि गरी रु. ६,८०,९०,००० पुऱ्याइएको छ, जसमा यातायात पूर्वाधारका लागि रु. २,९१,४०,००० र भवन तथा शहरी विकासका लागि रु. २,५४,००,००० विनियोजन गरिएको छ। यस क्षेत्रमा सञ्चार प्रविधिको विनियोजित रु. ६७ लाखमध्ये लगभग शतप्रतिशत (रु. ६६,७३,८००) जेठ मसान्तभित्रै खर्च भइसकेको छ। आर्थिक विकास क्षेत्रतर्फ पनि भारी वृद्धि गर्दै रु. ५,५९,९०,००० विनियोजन गरिएको छ, जसमा कृषि क्षेत्रको बजेट गत वर्षको रु. ३९ लाखबाट बढाएर रु. २,४१,००,००० पुऱ्याई सबैभन्दा ठूलो फड्को मारिएको छ भने गाउँपालिकाको आर्थिक मेरुदण्ड मानिएको पर्यटन क्षेत्रका लागि रु. २,५२,९०,००० छुट्याइएको छ। यद्यपि, आर्थिक विकासतर्फ जेठ मसान्तसम्म जम्मा रु. १,१२,६७,३५१ मात्र खर्च हुनु र श्रम तथा रोजगारी क्षेत्रको बजेट रु. ९४ लाखबाट कटौती भई रु. २३.८८ लाखमा सीमित हुँदा समेत जेठ मसान्तसम्म खर्च शून्य रहनुले गम्भीर वित्तीय शिथिलता संकेत गर्दछ। कुल बजेटको ठूलो हिस्सा (रु. ८,६४,२९,६९१) कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च भइरहेको परिप्रेक्ष्यमा, आर्थिक र रोजगारी जस्ता उत्पादनशील क्षेत्रको बजेट खर्च सुस्त हुनुले असार महिनामा खर्चको चाप अत्यधिक बढ्ने र यसले विकासको गुणस्तरमा समेत गम्भीर असर पार्ने जोखिम देखाउँछ।

## घ) अपिहिमाल गाउँपालिकाको अर्थ तन्त्रको प्रमुख चुनौतीहरु

अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को समष्टिगत बजेट कार्यान्वयन र क्षेत्रगत वित्तीय प्रगतिको समीक्षा गर्दा योजना छनोट, विनियोजन कुशलता (Allocative Efficiency) र कार्यान्वयन क्षमता (Implementation Capacity) मा केही गम्भीर संरचनात्मक एवं नीतिगत चुनौतीहरू देखिएका छन्। कुल विनियोजित बजेट रु. ४०,२८,२६,६९१ मध्ये जेठ मसान्तसम्म ५६.७७ प्रतिशत (रु. २२,८७,१९,९२२.१६) मात्र खर्च हुनुले बजेटरी प्रणालीमा विद्यमान सुस्तता र आर्थिक वर्षको अन्तिम त्रैमासिक (विशेष गरी असार महिना) मा खर्चको चाप बढ्ने प्रवृत्ति (Fiscal March Madness) लाई संकेत गर्दछ, जुन गुणस्तरीय र दिगो विकासका लागि मुख्य बाधक हो। गाउँपालिकाको आन्तरिक आय र आर्थिक समृद्धिको संवाहक मानिएका कृषि र पर्यटन जस्ता रणनीतिक क्षेत्रहरूमा क्रमशः रु. २,४१,००,००० र रु. २,५२,९०,००० को ठूलो हिस्सा विनियोजन गरिए तापनि जेठ मसान्तसम्म क्रमशः २२ प्रतिशत र १६.७ प्रतिशत मात्र खर्च हुनुले आर्थिक विकासका कार्यक्रमहरूको फितलो कार्यान्वयन र न्यून खर्च क्षमता (Absorptive Capacity) लाई उजागर गर्दछ। अझ, पशुपन्छी विकास (रु. ८.५ लाख), भूमि व्यवस्था (रु. १५ लाख), र श्रम तथा रोजगारी जस्तो उत्पादनशील क्षेत्र (जसको बजेट गत वर्षको रु. ९४ लाखबाट कटौती गरी रु. २३.८८ लाखमा सीमित गरिएको थियो) मा जेठ मसान्तसम्मको वित्तीय प्रगति आसातित नरहनुले स्थानीय तहमा रोजगारी प्रवर्द्धन र गरिबी निवारणका लक्ष्यहरू प्राप्त हुन नसकेको स्पष्ट पार्छ। जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको खानेपानी तथा सरसफाई क्षेत्रको बजेटलाई गत वर्षको रु. १ करोड २ लाखबाट न्यून गरी रु. ३.५ लाखमा झारिनु र त्यसमा पनि जेठ मसान्तसम्म खर्च हुन नसक्नु तथा रु. ६.८० करोडको भौतिक पूर्वाधार विकास अगाडि बढाइरहँदा वातावरण तथा जलवायु अनुकूलन (Climate Adaptation) का लागि विनियोजन शून्य हुनुले स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा दिगो विकास लक्ष्य (SDGs) र वातावरणीय सन्तुलन ओझेलमा परेको देखिन्छ। कुल विनियोजित बजेटको ठूलो हिस्सा (रु. ८,६४,२९,६९१) कार्यालय सञ्चालन तथा प्रशासनिक कार्यमा खर्च भइरहेको वर्तमान अवस्थामा, अनुत्पादक चालू खर्चको भार न्यूनीकरण गर्दै कृषि, पर्यटन र सामाजिक पूर्वाधार जस्ता पुँजी निर्माण गर्ने क्षेत्रमा योजनाबद्ध रूपमा वित्तीय अनुशासन र कार्यसम्पादनमा आधारित खर्च प्रणाली (Performance-Based Budgeting) अवलम्बन गर्नु अपिहिमाल गाउँपालिकाको आगामी मुख्य कार्यदिशा हुनुपर्दछ। अपिहिमाल गाउँपालिकामा निजि क्षेत्रबाट भएका मुख्य कामको उपलब्धि

**ङ)** अपिहिमाल गाउँपालिकामा निजि क्षेत्रबाट भएका मुख्य कामको उपलब्धि

अपिहिमाल गाउँपालिका भित्र उत्पादन मुलक उद्योग को संख्या ५५ वटा रहेका छन । यी उद्योगहरुबाट हुने उत्पादनको ७५ प्रतिसत हिस्सा अपिहिमाल गाउँपालिकामा आन्तरिक खपत हुन्छ। भने बाँकि २५ प्रतिसत उत्पादन शुदुरपश्चिम प्रदेशका मुख्य बजारहरुमा निर्यात गरिन्छ । अपिहिमाल गाउँपालिकामा दर्ता गरि संचालनमा रहेका मध्ये ९८ प्रतिशत उद्योगहरुले स्थानीय आर्थिक विकास तथा रोजगारि सिर्जनाको करीब ३० प्रतिशत आवश्यकता परिपुर्ति गरेका छन।

**च)** अपिहिमाल गाउँपालिकामा सहकारी क्षेत्रबाट भएका उपलब्धि

- गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका १ वटा सहकारी संस्था कोपोमिस प्रणालीमा आवद्ध भएको।
- साविक डिभिजन सहकारी कार्यालयबाट सम्पादन हुने सबै कार्यहरु हाल सहकारी इकाईबाट सम्पादन भएका।
- हालसम्म कोपोमिस प्रणालीमा प्रपिष्ट भएकोः
- कुल बचत रुः ४,६८,२५,४३५।००
- कूल शेयर लगानी रुः १,५९,५९,७००।००
- कूल ऋण लगानी रुः ६,७४,००,५९८।००
- गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सबै सहकारी संस्थाका संचालक समिति सदस्य तथा व्वस्थापहरुका लागि सहकारी नेतृत्व विकास तथा व्यवस्थापन तालिम गरिएको।
- सहकारी क्षेत्र संचालनको लागि अपिहिमाल गाउँपालिकाको सहकारी ऐन, २०७५ जारी भई कार्यान्वयनमा रहेको।
- अपिहिमाल गाउँपालिकाको सहकारी ऐन, २०७५ अनुसार १ बहुउद्देय सहकारी संस्था दर्ता भएको।
- सहकारी संस्थाहरुको नियमित अनुगमन गर्ने गरिएको।

## भाग २. समग्र आर्थिक स्थिति

### क) अन्तराष्ट्रिय स्थितिः

विश्वव्यापी अनिश्चितता, व्यापारिक अवरोध एवं नीतिगत अस्थिरताका कारण सन् २०२६ मा विश्व अर्थतन्त्रको विस्तार सुस्त हुने अनुमान छ। सन् २०२५ मा प्रविधिमा आधारित लगानी, अमेरिकी डलरको अवमूल्यन र अनुकूल वित्तीय नीतिका कारण अर्थतन्त्रमा उत्साहजनक गतिशीलता देखिएको थियो। तर, सन् २०२६ को फेब्रुअरीको अन्त्यतिरबाट मध्यपूर्वी एसियामा चर्किएको द्वन्द्वले गर्दा उक्त गतिशीलता पुनः शिथिल बन्न पुगेको छ। यो युद्ध थप लम्बिएर ऊर्जा पूर्वाधारमा थप क्षति पुगेको खण्डमा सन् २०२६ मा विश्व आर्थिक वृद्धिदर २.० प्रतिशतमा मात्र सीमित हुने जोखिम छ। साथै, विश्व उपभोक्ता मुद्रास्फीति ६.० प्रतिशतभन्दा माथि रहने प्रक्षेपण गरिएको छ।

विश्व वस्तु बजारमा देखिएको अस्थिरता, आपूर्ति शृङ्खलामा परेको प्रभाव र इन्धन लगायतका अत्यावश्यक वस्तुको मूल्यवृद्धिका कारण विश्वव्यापी मुद्रास्फीतिमा थप चाप परेको छ। भू-राजनीतिक तनावका अतिरिक्त व्यापारिक अवरोध एवं दुर्लभ खनिजजन्य तत्वहरू (Rare Earth Elements) माथिको नियन्त्रणले गर्दा विश्व आपूर्ति शृङ्खला नराम्ररी प्रभावित हुने देखिन्छ। मध्यपूर्वी एसियाको युद्धका कारण विप्रेषण आप्रवाह (रेमिट्यान्स) सङ्कुचन हुने जोखिम उत्तिकै छ। यसले गर्दा विदेशी मुद्रा सञ्चिति न्यून भएका विकासशील तथा अति कम विकसित मुलुकहरूमा आर्थिक सङ्कट थप गहिरिने देखिन्छ। यी देशहरूमा आयात महँगो हुने र अन्तर्राष्ट्रिय विकास सहायतामा समेत गिरावट आउने चुनौती छ। तसर्थ, विश्व अर्थतन्त्रलाई पुनः गतिशील बनाउन मूल्य र वित्तीय स्थायित्व कायम राख्दै शीघ्र एवं संरचनात्मक सुधारका कार्यहरूलाई तीव्रता दिनुपर्ने आवश्यकता देखिन्छ।

### **ख)** बिश्व आर्थिक वृद्धिदरः

विभिन्न भू-राजनीतिक तनाव, मध्यपूर्वी एसियाको युद्ध, इन्धनको मूल्यवृद्धि, आपूर्ति शृङ्खलामा उत्पन्न अवरोध तथा जलवायु परिवर्तनजन्य प्रतिकूलताका कारण अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२६ मा विश्व अर्थतन्त्र ३.१ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण गरेको छ। यसअघि सन् २०२५ मा विश्व अर्थतन्त्र ३.४ प्रतिशतले विस्तार भएको थियो।

विकसित मुलुकहरूको आर्थिक वृद्धिदर सन् २०२५ मा १.९ प्रतिशत रहेकोमा सन् २०२६ मा त्यो घटेर १.८ प्रतिशतमा सीमित हुने अनुमान छ। यसैगरी, सन् २०२५ मा ४.४ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासशील मुलुकहरूको अर्थतन्त्र सन् २०२६ मा ३.९ प्रतिशतले मात्र वृद्धि हुने प्रक्षेपण गरिएको छ।

सन् २०२१ देखि २०२५ सम्मको अवधिमा विश्वको औसत आर्थिक वृद्धिदर ३.९८ प्रतिशत रहँदा विकसित अर्थतन्त्रको औसत वृद्धिदर २.७२ प्रतिशत र उदीयमान तथा विकासशील एसियाली मुलुकहरूको औसत वृद्धिदर ५.७ प्रतिशत रहेको थियो। यदि मध्यपूर्वी एसियामा जारी युद्ध निकट भविष्यमै अन्त्य भई नीतिगत स्थिरता कायम हुन सकेमा सन् २०२७ बाट विश्व अर्थतन्त्रमा सुधार आउने अपेक्षा गरिएको छ।

### ग) नेपालको आर्थिक स्थितिः

मुलुकको अर्थतन्त्रका बाह्य क्षेत्रका अधिकांश सूचकहरू सकारात्मक एवं सुदृढ रहेका छन्। चालु आर्थिक वर्षमा समष्टिगत आर्थिक विस्तार सुस्त रही कुल गार्हस्थ्य उत्पादन (GDP) ३.८५ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ; जबकि गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ४.४३ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष कृषि क्षेत्रको उत्पादन न्यून (१.५८ प्रतिशत) रहने र गैर—कृषि क्षेत्रको उत्पादन तर्फ ४.५४ प्रतिशतको विस्तार हुने प्रक्षेपण छ।

समीक्षा अवधिमा भ्रमण आयमा केही संकुचन आएको र वस्तु व्यापार घाटा ११.२ प्रतिशतले बढेको भए तापनि विप्रेषण आप्रवाहमा भएको ३७.७ प्रतिशतको उच्च वृद्धिका कारण चालु खाता (रु. ५ खर्ब ५२ अर्ब ८५ करोड) र शोधनान्तर स्थिति (Balance of Payments) दुवै उच्च बचतमा रहेका छन्। यसको फलस्वरूप, विदेशी विनिमय सञ्चिति इतिहासकै उच्च बिन्दु रु. ३४ खर्ब १३ अर्ब ७७ करोड पुगेको छ, जसले १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ। विगतका वर्षहरूमा उच्च चापमा रहेको उपभोक्ता मुद्रास्फीति (Inflation) क्रमशः घट्दै गई चालु आर्थिक वर्षको फागुन महिनासम्म औसत २.१३ प्रतिशतमा सीमित रहँदै वाञ्छित सीमाभित्रै कायम रहेको छ।

सार्वजनिक वित्त परिचालनको क्षेत्र अझै पनि दबाबमुक्त हुन सकेको देखिँदैन। राजस्व संकलनमा केही वृद्धि भए तापनि संघीय खर्चको तुलनामा राजस्व वृद्धिदर उत्साहजनक छैन र सरकारको पुँजीगत खर्चमा संकुचन आएको छ। बढ्दो संघीय व्ययभार र अपेक्षाभन्दा न्यून राजस्व परिचालनका कारण स्रोत व्यवस्थापनमा गम्भीर चाप पर्न गई वैदेशिक तथा आन्तरिक ऋणमाथिको निर्भरता बढ्दो क्रममा रहेको छ।

यसको परिणामस्वरूप, सार्वजनिक ऋणको दायित्व थपिँदै गई वि.सं. २०८२ फागुन मसान्तसम्म कुल सार्वजनिक ऋण रु. २८ खर्ब ७८ अर्ब ३० करोड (कुल गार्हस्थ्य उत्पादनको ४३.६ प्रतिशत) पुगेको छ। तसर्थ, आन्तरिक स्रोत व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै ऋणमाथिको

बढ्दो निर्भरता न्यूनीकरण गर्ने र वित्तीय स्थायित्व कायम राख्ने विषय चुनौतीपूर्ण बनेको छ। आन्तरिक स्रोत परिचालन सबल हुन नसक्दा प्रदेश तथा स्थानीय तहको वित्त व्यवस्थापनमा संघीय सरकारबाट हुने वित्तीय हस्तान्तरण (अनुदान) को अंश उच्च रहँदै आएको छ।

न्यून पुँजीगत खर्च र सुस्त कर्जा प्रवाहका बाबजुद चालु आर्थिक वर्षमा कुल स्थिर लगानी (Gross Fixed Capital Formation) १८.६ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। वित्तीय पहुँचको विस्तार, बैंकिङ क्षेत्रमा विद्यमान अधिक तरलता (Excess Liquidity) र कर्जाको ब्याजदर न्यून बिन्दुमा रहँदा समेत निजी क्षेत्रतर्फ अपेक्षित रूपमा कर्जा विस्तार हुन सकेको छैन। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ६.६४ प्रतिशतले वृद्धि हुँदा निजी क्षेत्रतर्फको कर्जा प्रवाह ४.४ प्रतिशतले मात्र विस्तार भएको छ। यसले गर्दा पुँजी निर्माण, रोजगारी सिर्जना, उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्ने राज्यको लक्ष्यमा चुनौती थपिएको छ।

यसैगरी, प्रारम्भिक विश्लेषणको विपरीत चालु वर्षको कृषि क्षेत्र तर्फ विशेषगरी तराई क्षेत्रमा धान रोप्ने समयमा परेको खडेरी र बाली भित्र्याउने अवधिमा भएको बेमौसमी अधिक वर्षाका कारण धान उत्पादन ४.१६ प्रतिशतले ह्रास आउने अनुमान छ, जसका कारण समग्र कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) न्यून रहने देखिन्छ।

चालु आर्थिक वर्षमा नेपालको कृषि क्षेत्रको उत्पादन १.५८ प्रतिशत र गैर-कृषि क्षेत्र ४.५४ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ, जबकि कुल गार्हस्थ्य उत्पादन (GDP) को ९०.३ प्रतिशत हिस्सा उपभोगले ओगटेको यो उपभोगकेन्द्रित अर्थतन्त्रमा कुल उपभोगको ९१.२६ प्रतिशत हिस्सा निजी क्षेत्रको रहेको छ। विप्रेषणमा भएको वृद्धिका कारण कुल राष्ट्रिय बचत GDP को ४४.७७ प्रतिशत पुग्ने र कुल लगानी १५.६ प्रतिशतले बढेर रु. २१ खर्ब ७ अर्ब ९० करोड पुग्ने प्रक्षेपण गरिएको छ। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन वृद्धि भई रु. २,१७,९४६ पुग्ने अनुमान भए तापनि डलरको तुलनामा नेपाली रुपैयाँ कमजोर हुँदा यो १५१३ अमेरिकी डलरमा सीमित हुने देखिन्छ, यद्यपि नागरिकको प्रतिव्यक्ति खर्चयोग्य आय भने बढेर २०४४ अमेरिकी डलर पुग्ने अनुमान छ।

## भाग ३. स्थानीय वित्त

### क) स्थानीय आयः

अपिहिमाल गाउँपालिकाको गत आ.व. २०८१-०८२ र चालु आर्थिक बर्ष २०८२-०८३ को जेठ मसान्तसम्मको स्थानीय आयको अवस्था।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | आ.ब. २०८१-०८२ को जम्मा आम्दानी | आ.ब. २०८२-०८३ जेठ महिना सम्माको आम्दानी |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १०२,५७२.६० | ६५,६७६.०० |
| २ | ११३१४ | भुमिकर/मालपोत | २०१,०६३.२० | ११३,४६१.०० |
| ३ | ११३१७ | वहाल कर | ६०२,४१२.०० | २५३,८०३.०० |
| ४ | ११३१८ | वहाल विटौरी कर | ०.०० | |
| ५ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | २६,०२५.०० | ९,०५०.०० |
| ६ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ०.०० | ५००.०० |
| ७ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३८,९५०.०० | ४४,४५०.०० |
| ८ | ११६९१ | अन्य कर | २२१,४८०.०० | १०१,३४५.०० |
| ९ | १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | | ५,०००.०० |
| १० | १४१९१ | पर्यटन शुल्क | १३,६३०.०० | २०,१६०.०० |
| ११ | १४२२१ | न्यायिक दस्तूर | ०.०० | ०.०० |
| १२ | १४२२४ | परीक्षा शुल्क | २,३००.०० | १५,४००.०० |
| १३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १६७,२९५.०० | १८०,५७०.०० |
| १४ | १४२४३ | सिफारिश दस्तुर | २९३,०८०.०० | ३५३,३८०.०० |
| १५ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ११७,४१०.०० | ८४,२१०.०० |

| | | | | |
|---|---|---|---|---|
| १६ | १४२४५ | नाता प्रमाणित दस्तुर | २०,१३०.०० | ४१,२५०.०० |
| १७ | १४२४९ | अन्य दस्तुर | ७२,८८०.०० | १९५,५३०.०० |
| १८ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | ५,९००.०० |
| १९ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | १६,०५०.०० | ११,०००.०० |
| २० | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ०.०० | ०.०० |
| २१ | १४३१३ | धरौटी सदरस्याहा | ०.०० | ०.०० |
| २२ | १४५२९ | अन्य राजस्व | -४००.०० | १५,७४०.०० |
| २३ | १४६११ | व्यवसाय कर | १०३,९००.०० | १०९,६२५.०० |
| २४ | १५१११ | बेरूजू | १७९,६०३.०० | ०.०० |
| | | जम्मा | २१,७८,३८०.८० | १६,२६,०५०.०० |

प्राप्त तथ्याङ्क अनुसार अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को कुल स्थानीय आय रु २१,७८,३८०.८ रहेकोमा चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्ममा रु १६,२६,०५० राजस्व संकलन भएको देखिन्छ। राजस्वका विभिन्न शीर्षकहरूलाई सूक्ष्म रूपमा विश्लेषण गर्दा पालिकाको प्रशासनिक सेवा तथा सिफारिश दस्तुरतर्फ उल्लेखनीय प्रगति भएको छ। गत वर्षको तुलनामा सिफारिश दस्तुर, अन्य दस्तुर र प्रशासनिक सेवा शुल्कमा यस वर्ष जेठ महिनाभित्रै प्रस्ट वृद्धि भई आन्तरिक आयमा सेवा प्रवाहको हिस्सा मजबुत बन्दै गएको देखिन्छ। यसका साथै कृषि तथा पशुजन्य व्यावसायिक कर र व्यवसाय करमा समेत अघिल्लो वर्षकै हाराहारीमा वा सोभन्दा केही बढी नै राजस्व परिचालन भएको तथ्याङ्कले स्पष्ट पार्छ।

यसको विपरीत, गाउँपालिकाको राजस्वको प्रमुख खम्बा मानिएको वहाल करमा भने यस अवधिमा उल्लेख्य गिरावट आई रु ६,०२,४१२ बाट रु २,५३,८०३ मा सीमित हुन पुगेको छ। त्यस्तै भूमिकर/मालपोत र सम्पत्ति कर संकलनको दर पनि अघिल्लो वर्षको अन्तिम विवरणभन्दा केही सुस्त देखिएको छ भने वहाल विटौरी कर, न्यायिक दस्तूर तथा प्रशासनिक दण्ड जरिवाना जस्ता शीर्षकहरू दुवै वर्ष पूर्ण रूपमा निष्क्रिय रहेका छन्। समग्रमा, अपिहिमाल गाउँपालिकाको राजस्व

संरचना हाल सेवामूलक शुल्कमा बढी केन्द्रित हुँदै गएको देखिन्छ र आगामी दिनमा कुल स्थानीय आयको लक्ष्य भेट्टाउन वहाल तथा सम्पत्ति कर जस्ता मुख्य क्षेत्रहरूको संकलन प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिन्छ।

### ख) स्थानीय आय व्यवस्थापनमा भएका चुनौतीहरु

अपिहिमाल गाउँपालिकाको अर्थतन्त्रलाई सुदृढ र दिगो बनाउन पर्याप्त सम्भावनाहरू विद्यमान भए तापनि संरचनागत, नीतिगत र व्यावहारिक क्षेत्रमा विविध चुनौतीहरू रहेका छन्। वर्तमान समयमा देखा परेको आर्थिक संकुचन र मौद्रिक नीतिको अस्पष्टताका बीच निजी क्षेत्रको लगानीलाई सार्वजनिक-निजी साझेदारी (PPP) मोडलमा आवद्ध गर्नु प्राथमिक आवश्यकता बनेको छ। नीतिगत अस्थिरता कायम रहनु, निर्माण सामग्री उत्पादक एवं सञ्चालकहरूमा वातावरणीय चेतनाको कमी हुनु, र औद्योगिक ग्रामको वैज्ञानिक व्यवस्थापन सोचेअनुरूप हुन नसक्नुले आर्थिक सबलीकरणमा अवरोध सिर्जना गरेका छन्। यसका साथै, भौगोलिक विकटताका बाबजुद गाउँपालिकालाई पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्दै निजी लगानी आकर्षित गर्नु, कृषि क्षेत्रको आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, तथा साना-ठूला उद्योगहरूको स्थापनाका लागि अनुकूल वातावरण निर्माण गर्नु पालिकाका सामुन्ने रहेका मुख्य चुनौतीहरू हुन्। यी चुनौतीहरूलाई चिर्दै करको दायरा विस्तार गरी स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउनु वर्तमानको प्रमुख कार्यभार हो।

नेपालको संविधानको अनुसूची ८, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई बलियो आर्थिक अधिकार प्रदान गरेको छ। यस कानुनी व्यवस्था बमोजिम अचल सम्पत्तिमा लाग्ने मालपोत, घरजग्गा कर, सम्पत्ति कर, बहाल कर, व्यवसाय करका साथै स्थानीय पूर्वाधार सेवा उपयोग र सिफारिश दस्तुरहरू पालिकाले एकल रूपमा संकलन र उपयोग गर्न पाउने प्रस्ट अधिकार छ। मनोरञ्जन, विज्ञापन र सवारी साधन कर जस्ता शीर्षकहरूमा प्रदेश सरकारसँगको साझेदारीमा राजस्व परिचालन गर्ने व्यवस्था समेत रहेको छ। यसै कानुनी धरातलमा रहेर विश्लेषण गर्दा अपिहिमाल गाउँपालिकाको हालको राजस्व संकलनको दिशा सकारात्मक देखिन्छ। साविकका सितोला, गुल्जर, घुसा र खण्डेश्वरी गाउँ विकास समिति (गा.वि.स.) हरूको तत्कालीन सीमित आन्तरिक आम्दानीको तुलनामा हाल संघीय संरचना अन्तर्गत गाउँपालिकाले गरिरहेको राजस्व परिचालन र यसको सदुपयोगमा गुणात्मक सुधार आएको छ। यद्यपि, अझै पनि सबै नागरिक तथा व्यवसायीहरू करको औपचारिक दायरामा समेटिन

नसकेकाले आगामी दिनमा कर प्रणालीलाई पूर्ण रूपमा व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउन गाउँपालिकाले थप सुधारात्मक एवं रणनीतिक कदमहरू चाल्नुपर्ने आवश्यकता देखिन्छ।

## ग) अन्तर सरकारी वित्तीय हस्तान्त्रण

**समग्र आयको अवस्था**

समग्र आयमा उल्लेखनीय वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/०८२ को कूल वास्तविक आय रु. २९,०८,६६,४५०.८९ (करिब २९ करोड) रहेकोमा २०८२/०८३ को जेठ मसान्तसम्म आइपुग्दा यो रकम बढेर रु. ३५,४७,१५,०७६.९६ (करिब ३५.४ करोड) पुगेको छ। यसले आयतर्फको स्रोत परिचालन र प्राप्ति सन्तोषजनक दिशातर्फ अघि बढेको संकेत गर्दछ।

**संघीय सरकारबाट प्राप्त अनुदान (Federal Government Grants)**

संघीय सरकारबाट प्राप्त हुने अनुदान आयको सबैभन्दा ठूलो स्रोत बनेको छ, जसमा अधिकांश शीर्षकहरुमा वृद्धि देखिन्छ। समानिकरण अनुदान करिब रु. ६.७१ करोडबाट बढेर रु. ८.२८ करोड पुगेको छ। चालु शसर्त अनुदान अनुदानकै सबैभन्दा ठूलो हिस्सा हो, जुन रु. ९.९२ करोडबाट बढेर रु. १०.२५ करोड पुगेको छ भने पुँजीगततर्फ पनि रु. २९.३ लाखबाट ५० लाख पुगेको छ। नयाँ अनुदान प्राप्तिको कुरा गर्दा अघिल्लो वर्ष शून्य रहेको संघीय विषेश अनुदान (चालु) तर्फ रु. ३४.७ लाख र समपुरक अनुदान (पुँजीगत) तर्फ रु. ७०.४ लाख यस वर्ष प्राप्त भएको छ।

**प्रदेश सरकारबाट प्राप्त अनुदान (Provincial Government Grants)**

प्रदेशबाट आउने अनुदानमा केही उतारचढाव देखिए पनि समग्रमा वृद्धिमुखी छ। प्रदेशको समानिकरण अनुदान रु. ५९.५ लाखबाट बढेर रु. ६९.३ लाख पुगेको छ। शसर्त अनुदान (चालु) मा भारी वृद्धि भएको छ; जुन अघिल्लो वर्ष रु. २२.८ लाख रहेकोमा यस वर्ष जेठसम्ममै रु. १.५५ करोड पुगेको छ। यद्यपि, प्रदेश विषेश अनुदान (चालु) तर्फ भने रु. ६८.५ लाखबाट घटेर रु. ४.१८ लाखमा झरेको छ। साथै, प्रदेश समपुरक अनुदान (पुँजीगत) करिब रु. ११.३ लाखबाट बढेर रु. ६७ लाख पुगेको छ।

**राजस्व बाँडफाँड (Revenue Sharing)**

राजस्व बाँडफाँडको क्षेत्र अर्थतन्त्रको बलियो खम्बाको रूपमा देखिएको छ। प्रमुख कर शीर्षकहरुमा सकारात्मक वृद्धि दर कायम छ। मूल्य अभिवृद्धि कर (VAT) रु. ४.४५ करोडबाट उल्लेख्य वृद्धि भई रु. ५.९२ करोड पुगेको छ। अन्तःशुल्क रु. १.९२ करोडबाट बढेर रु.

२.५८ करोड पुगेको छ। घरजग्गा रजिष्ट्रेशन दस्तुरमा पनि दोब्बर भन्दा बढीको वृद्धि (रु. ३२ हजारबाट ७३ हजार) देखिएको छ।

सबैभन्दा रोचक पक्ष भनेको अघिल्लो वर्ष शून्य रहेको रोयल्टी बाँडफाँड यस वर्ष निकै उत्साहजनक छ। वन रोयल्टी (रु. ८.९ लाख), विद्युत् रोयल्टी (रु. ४७.६ लाख) र पर्वतारोहण रोयल्टी (रु. ५ हजार ६ सय) यसै वर्षबाट प्राप्त हुन थालेका नयाँ आर्थिक स्रोत हुन्। सवारी साधन कर बाँडफाँड भने रु. २०.७ लाखबाट सामान्य घटेर रु. २० लाखको हाराहारीमा छ।

**आन्तरिक स्रोत (Internal Sources)**

आन्तरिक स्रोत परिचालनमा भने गम्भीर समीक्षा गर्नुपर्ने अवस्था देखिन्छ। आन्तरिक आय कमजोर हुनुले स्थानीय स्रोतसाधनको परिचालनमा कमजोरी वा कर संकलन प्रणालीमा समस्या रहेको संकेत गर्दछ। यद्यपि, बैंक मौज्दात भने रु. १.०२ करोडबाट बढेर रु. १.४५ करोड पुगेको छ।

समग्रमा, यस आर्थिक सर्वेक्षणको तथ्याङ्कले अर्थतन्त्र संघीय र प्रादेशिक अनुदान तथा राजस्व बाँडफाँड (विशेषगरी भ्याट र अन्तःशुल्क) मा अत्यधिक निर्भर रहेको देखाउँछ। वन र जलविद्युत जस्ता रोयल्टीका नयाँ स्रोतहरू थपिनु सकारात्मक पक्ष हो, तर आन्तरिक राजस्व संकलनमा आएको भारी गिरावटले आन्तरिक स्रोत परिचालन नीतिमा तत्काल सुधार गर्नुपर्ने आवश्यकतालाई औंल्याउँछ।

| शीर्षक | २०८१-०८२ कोवास्तविक आय | २०८२-०८३ को जेठ मसान्त सम्मको वास्तविक आय |
|---|---|---|
| संघीय सरकार | | |
| १३३११ समानिकरण अनुदान | ६७१६८३२०. | ८२८५३७००. |
| १३३१२ शसर्त अनुदान चालु | ९९२५६८२७.२७ | १०२५५००००. |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २९३०२१३. | ५००००००. |
| १३३१४ विषेश अनुदान चालु | ०. | ३४७०९३७. |
| १३३१५ विषेश अनुदान पुँजीगत | १५००००००. | १६६६२४८९. |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ०. | ७०४००००. |
| प्रदेश सरकार | | |
| १३३११ समानिकरण अनुदान | ५९५६०००. | ६९३०७२३.६ |
| १३३१२ शसर्त अनुदान चालु | २२८००४७.५ | १५५०००००. |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १२३१०९९४. | |
| १३३१४ विषेश अनुदान चालु | ६८५६४२५. | ५१८५००. |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ११३९३२१. | ६७०००००. |
| राजस्व बाडफाड | | |

| | | |
|---|---|---|
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ३२,२६१.४० | ७३,५४७.४० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४४५५१६१३.४८ | ५९२९१९००.०५ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १९२३३४१४.८३ | २५८९८१९६.०१ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २०७५७९४.३७ | २००७८१५.०४ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ०. | ८९१३६७.४५ |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ०. | ४७६५४८०.९६ |
| १४१५८ बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ०.०० | ५,६४५.७६ |
| अन्तरिक श्रोत | | |
| १४५२९ अन्य राजस्व | १०७०५८०.२ | |
| ३२१२२ बैंक मौज्दात | १०२०४६३८.८ | १४५३९०३४.६९ |
| जम्मा | २९०८६६४५०.८९ | ३५४७१५०७६.९६ |

## क) अपिहिमाल गाउँपालिकाको गत आ.व. २०८१/०८२ र चालु आ.व. २०८२/०८३ को चैत्र मसान्तसम्मको चालु खर्च र पूँजीगत खर्चको अवस्था।

| क्र.सं. | शीर्षक | आ.व. २०८१/०८२ को वास्तविक खर्च | चालु आ.व. २०८२/०८३ जेठ मसान्तसम्मको वास्तविक खर्च |
|---|---|---|---|
| १ | चालु | १८,३७,४०,९०२.९९ | १७,५१,७७,९६१.८५ |
| २ | पूंजीगत | ८,८८,७१,९६९.४१ | ६,३६,१४,७११.०० |

आर्थिक वर्ष २०८१/०८२ को वास्तविक खर्च र आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्मको खर्चको अवस्थालाई हेर्दा सरकारी खर्चको ठूलो हिस्सा चालु खर्चमा केन्द्रित रहेको देखिन्छ। यी दुई आर्थिक वर्षको तुलनात्मक वित्तीय चित्रले सरकारी खर्चको प्रवृत्ति र प्राथमिकतालाई स्पष्ट रूपमा देखाउँछ।

### चालु खर्चको अवस्था


चालु खर्चतर्फ आर्थिक वर्ष २०८१/०८२ मा कुल वास्तविक खर्च रु. १८,३७,४०,९०२.९९ रहेको थियो। आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्म आइपुग्दा यो खर्च रु. १७,५१,७७,९६१.८५ पुगिसकेको छ। यसले आर्थिक वर्षको एघारौं महिना जेठसम्ममै चालु खर्च अघिल्लो पूर्ण वर्षको कुल खर्चको नजिक पुगिसकेको स्पष्ट पार्छ।

### पुँजीगत खर्चको अवस्था

पुँजीगत खर्च अर्थात् विकास निर्माणतर्फ भने तुलनात्मक रूपमा निकै कम खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०८१/०८२ मा कुल पुँजीगत खर्च रु. ८,८८,७१,९६९.४१ भएको थियो।

त्यसैगरी आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्मको तथ्याङ्क हेर्दा पुँजीगत खर्च रु. ६,३६,14,७११.०० मात्र रहेको छ।

समग्रमा विश्लेषण गर्दा दुवै आर्थिक वर्षहरूमा पुँजीगत निर्माण र विकासका कार्यहरूभन्दा दैनिक सञ्चालनमा सरकारको दोब्बरभन्दा बढी खर्च भएको स्पष्ट हुन्छ। यसले दीर्घकालीन पुँजी निर्माण र विकासका गतिविधिहरूको तुलनामा प्रशासनिक खर्चको भार अधिक रहेको देखाउँछ।



## भाग ४. आर्थिक विकास

### क) स्थानीय सडक निर्माण

अपिहिमाल गाउँपालिका केन्द्रसम्म सडक पहुँच पुगेको छैन। वडा नं. ५ को मकरीगाड सम्म सडक निरन्तर सञ्चालनमा रहेको छ ।तर स्थानिय तहका अन्य वडा हरुमा सडक बिस्तार हुन सकेको छैन ।

२०८२ सालमा सडक विभागले मकरीगाड देखी अपिहिमाल गाउँपालिका वडा नं ३ घुसा जाने बाटो सम्म कच्चिसडको ट्रेय्याक खोल्ने काम भई रहेको छ । लगभग ६ किलोमिटर नयाँ ट्र्याक खोल्ने काम भएको छ । चालु आर्थिक बर्षमा गाउँपालिका केन्द्र जोड्ने सडकमा ७० लाख बजेट विनियोजन भई उपभोक्ता समिति मार्फत काम गराउने जिम्मा दिइएको भएपनि काम भएको छैन। सडक डिभिजन कार्यालय पाटनबाट सो सडकको ट्र्याक खोल्ने कार्य निरन्तर भइरहेको छ ।

### ख) सिंचाईको

गत आर्थिक बर्षमा खेती योग्य जमिन मध्ये वडा नं. ६ को चौकि बगरमा २० रोपनि जमिन सिंचित हुनेगरि चौकिबगर सिचाई योजना निर्माण सम्पन्न भई यस भूभागको कृषि क्षेत्रमा उत्पादन वृद्धि भएको देखिएको छ।

आर्थिक बर्ष २०८२/०८३ मा अपिहिमाल गाउँपालिका वडा नं. ३ मरफुल बस्तिमा र वडा नं. ५ को पारि तिम्ला गरि २ वटा पाइप सिचाइपानी योजनाबाट ४५ रोपनि जग्गा सिंचित हुने गरि योजना निर्माण गरिएका थिए गत आर्थिक बर्षमा ४०० के.जी अन्न उत्पादन हुने जग्गामा चालु आर्थिक वर्षमा को तुलना मा ३५% ले वृद्धि भई चालु आर्थिक वर्षमा ५४० के.जी अन्न उत्पादन हुने अनुमान छ।

### ग) वित्तीय क्षेत्र

अपिहिमाल गाउँपालिका भित्र १ वटा (क) वर्गको बैङ्क, ऋण तथा बचा सहकारी १ वटा, वहुउद्देश्यीय सहकारी १ वटा र कृषि सहकारि २ वटा गरि जम्मा सहकारी संस्था ४ वटा छन । यी सहकारीहरुले उद्यम व्यवसाय गर्ने व्यवसायी हरुलाई लघु वित्तीय सेवा प्रदान गरि सहयोग गरिरहेका छन् ।

### **क) लघु घरेलु तथा साना उद्योग**

आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका मा २५० वटा उद्योग दर्ता भई संचालनमा रहेका छन जस मध्ये ८० वटा उद्योग। व्यवसाय अपिहिमाल गाउँपालिका उद्योग विकास शाखा मा दर्ता गरि

संचालित छन भने बाँकि १७० वटा घरेलु तथा साना उद्योग कार्यालय दार्चुलामा दर्ता भई अपिहिमाल गाउँपालिका भित्र संचालित छन । जस मध्ये २ वटा उद्योग खारिजि भएका छन । प्रकृतिको आधारमा हेर्ने होभने अपिहिमाल गाउँपालिका भित्र संचालित उद्योग व्यवसाय हरु

| क्र.स | कृषि तथा वन जन्य | पर्यटन | उत्पान मुलक | सेवा मुलक |
|---|---|---|---|---|
| १ | ४० वटा | २० वाटा | १० वटा | १० वटा |
| जम्मा | ४० वटा | २० वटा | १० वटा | १० वटा |

**उद्योग/व्यवसायको क्षेत्रगत विष्लेशण**

आर्थिक वर्ष २०८२/८३ मा कृषि तथा वनजन्य, पर्यटन, उत्पादनमूलक तथा सेवामूलक क्षेत्र गरी जम्मा ८० वटा उद्योग/व्यवसाय दर्ता भएका छन्। गत आर्थिक वर्ष २०८१/८२ मा जम्मा १४७ वटा उद्योग/व्यवसाय दर्ता भएकोमा चालु आर्थिक वर्षमा ६७ वटाले कमी आई कुल दर्तामा ४५.५८ प्रतिशतले गिरावट आएको देखिन्छ।

क्षेत्रगत रूपमा हेर्दा कृषि तथा वनजन्य उद्योग ८५ वटाबाट घटेर ४० वटामा पुगेको छ जसमा ५२.९४ प्रतिशतले कमी आएको छ। पर्यटन क्षेत्रका उद्योग/व्यवसाय २१ वटाबाट २० वटामा झरेका छन्, जसमा ४.७६ प्रतिशतले सामान्य गिरावट देखिन्छ।

उत्पादनमूलक उद्योगतर्फ भने सकारात्मक वृद्धि देखिएको छ। गत वर्ष ६ वटा रहेको उत्पादनमूलक उद्योगको संख्या चालु वर्षमा १० पुगेको छ, जसले ६६.६७ प्रतिशत वृद्धि भएको संकेत गर्दछ। यसले उत्पादन क्षेत्रमा लगानी तथा उद्यमशीलता विस्तार हुने सम्भावना देखाउँछ। सेवामूलक क्षेत्रको संख्या ३५ वटा बाट १० वटामा सीमित भएको छ, जसमा ७१.४३ प्रतिशतले उल्लेखनीय कमी आएको छ। यो गिरावट सेवा क्षेत्रको व्यवसाय दर्तामा आएको सुस्तताको सूचक मान्न सकिन्छ।

समग्रमा, आर्थिक वर्ष २०८२/८३ मा उत्पादनमूलक क्षेत्र बाहेक अन्य सबै क्षेत्रमा उद्योग/व्यवसाय दर्ता संख्या घटेको देखिन्छ। विशेषगरी कृषि तथा वनजन्य र सेवामूलक क्षेत्रमा आएको उल्लेखनीय गिरावटका कारण कुल दर्ता संख्या घट्न पुगेको छ। यद्यपि उत्पादनमूलक क्षेत्रमा भएको वृद्धि स्थानीय उत्पादन तथा औद्योगिक विकासका लागि सकारात्मक संकेतका रूपमा लिन सकिन्छ।

अपिहिमाल गाउँपालिका भित्र औद्योगिक क्षेत्र विकासको लागि सार्वजनिक लगानिलाई औद्योगिक पुर्वाधारको विकास केन्द्रित गर्नुपर्ने र देश भित्रका निजि लगानिलाई उत्पादन तथा रोजगारी

अभिवृद्धिमा परिचालन गर्नुपर्ने आवश्यक्ता छ। उत्पादित वस्तु निकासी प्रवर्द्धन तथा पैठारी व्यवस्थापन गर्दै मागमा आधारीत वस्तु तथा सेवाको आपुर्ति गर्ने तर्फ उद्योग वाणिज्य तथा आपुर्ति नीति केन्द्रित गर्नु पर्ने देखिन्छ ।

### ख) सीप विकास

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका भित्र लघु उद्यम विकास कार्यक्रम बाट लघु उद्यमी सिर्जना गर्नका लागि स्थानीय कच्चापदार्थ स्थानिय मागको को आधारमा सीपविकास तालिम संचालन गरिएका थिए ।

| क स. | सीप विकास तालिमको विवरण | परिमाण | तालिम अवधि | संचालित व्यवसाय |
|---|---|---|---|---|
| | | | | |
| १ | हेम्पको लोक्ता बाट कपडा बुन्ने तालिम | ३० जनालई | ४५ दिन | ७ वटा |
| २ | अल्लो प्रशोधन सीप विकास तालिम | ३० जनालाई | ४५ दिन | २ वटा |

आर्थिक वर्ष २०८२।०८३ मा अपिहिमाल गाउँपालिका भित्र लघु उद्यम विकास कार्यक्रम बाट लघु उद्यमी सिर्जना गर्नका लागि स्थानीय कच्चापदार्थ स्थानिय मागको को आधारमा सीपविकास तालिम संचालन गरिएका छन्।

| क स. | सीप विकास तालिमको विवरण | परिमाण | तालिम अवधि | संचालित व्यवसाय |
|---|---|---|---|---|
| १ | बाँस निगालो तालिम | ९ जनालई | ३० दिन | ५ वटा |
| २ | मकैको खोस्टा तालिम | १६ जनालाई | २७ दिन | १० वटा |

चालु आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका उद्योग विकास शाखाको आयोजनामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत स्थानिय कच्चापदार्थ तथा मागका आधारमा २९ जनालाई लघु उद्यमी बनाउन ९ जनाकालागि बाँस निगालो बाट हेण्डक्राफ्ट सीप विकस तालिम तथा १६ जनाकालागी मकैको खोस्टा बाट सीप विकास तालिम संचालन गरिएको थियो। अपिहिमाल गाउँपालिकामा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत स्थानीय स्रोत–साधन, कच्चा पदार्थको उपलब्धता तथा बजार मागलाई आधार मानी विभिन्न सीप विकास तालिम सञ्चालन गरिएका छन्। यस्ता तालिमले स्थानीय स्तरमा उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा आयआर्जनमा सकारात्मक योगदान पुर्‍याएका छन्। हेम्प, लोक्ता तथा अल्लोमा आधारित तालिममा सहभागी संख्या बढी भए तापनि व्यवसाय स्थापना अपेक्षाकृत कम देखिएको छ। बाँस–निगालो तथा मकैको

खोस्टा सम्बन्धी तालिममा सहभागी संख्या कम भए पनि व्यवसाय स्थापना दर उच्च देखिएको छ। स्थानीय स्तरमा सजिलै उपलब्ध कच्चा पदार्थ, कम लगानी तथा उत्पादनको बजार सम्भावनाका कारण मकैको खोस्टा र बाँस—निगालोमा आधारित उद्यम बढी प्रभावकारी देखिएका छन्। महिला तथा युवाहरूको सहभागिता हस्तकला तथा घरेलु उद्योगमा आकर्षक रहेको पाइन्छ। अपिहिमाल गाउँपालिकामा सञ्चालन भएका सीप विकास तालिमहरूले स्थानीय उद्यम सिर्जना तथा स्वरोजगार प्रवर्द्धनमा सकारात्मक प्रभाव पारेका छन्। आगामी आर्थिक वर्षमा स्थानीय कच्चा पदार्थमा आधारित, बजारमुखी तथा मूल्य अभिवृद्धि गर्ने प्रकृतिका सीप विकास तालिमलाई प्राथमिकता दिई उद्यम स्थापना र दिगोपनमा जोड दिन आवश्यक देखिन्छ।

**ग) श्रम तथा रोजगार**

अपिहिमाल गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरूको तथ्याङ्कले स्थानीय श्रम बजारमा रोजगारीको माग बढ्दै गएको र नागरिकहरूको सरकारी रोजगार प्रणालीप्रतिको विश्वास वृद्धि भएको देखाउँछ। आर्थिक वर्ष २०८१/०८२ मा सूचीकृत बेरोजगारहरूको संख्या ७६९ रहेकोमा आर्थिक वर्ष २०८२/०८३ मा यो संख्या बढेर ८३९ पुगेको छ। यो करिब ९ प्रतिशतको वृद्धिले गाउँपालिकाभित्र रोजगारीको खोजीमा रहेका सक्रिय जनशक्तिको चाप बढ्दै गएको स्पष्ट पार्दछ।

| क.स. | विवरण | आ.व.२०८१/०८२ को अवधीमा | आ.व.२०८२/०८३ को अवधीमा | कैफियत |
|---|---|---|---|---|
| १ | रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरूको संख्या | ७६९ जना | ८३९ जना | |
| २ | श्रमिक संख्या | ७६ जना | ६९जना | |
| ३ | उपलब्ध रोजगारको दिन | ७४०५ दिन | ६४१७ दिन | |
| ४ | अध्यक्ष रोजगार बाट | २५लाख सामाग्री खरिदमा साझेदारी | २५लाख सामाग्री खरिदमा साझेदारी | |

यद्यपि, उपलब्ध रोजगारीको अवसर र श्रमिक छनौटको अवस्थामा भने केही संकुचन आएको तथ्याङ्कले देखाउँछ। आर्थिक वर्ष २०८१/०८२ मा ७६ जना श्रमिक छनौट भई कुल ७ हजार ४०५ दिन बराबरको रोजगारी उपलब्ध गराइएकोमा, आर्थिक वर्ष २०८२/०८३ मा ६९ जना श्रमिकले ६ हजार ४१७ दिन मात्र रोजगारी प्राप्त गरेका छन्। यसरी अघिल्लो वर्षको तुलनामा रोजगारीका दिनहरूमा करिब १३ प्रतिशतले कमी आएको देखिन्छ। अर्कोतर्फ, पूर्वाधार विकास र

रोजगारीलाई जोड्ने उद्देश्यले सञ्चालित 'अध्यक्ष रोजगार कार्यक्रम' अन्तर्गत सामग्री खरिद साझेदारीमा दुवै आर्थिक वर्षमा २५-२५ लाख रुपैयाँ बराबरको स्थिर लगानी गरिएको छ।

समग्र विश्लेषण गर्दा, गाउँपालिकामा रोजगारीका लागि आवेदन दिनेको संख्या बढ्नु तर प्रत्यक्ष रोजगारी पाउने श्रमिक र कार्यदिन घट्नुले स्थानीय स्तरमा रोजगारी सिर्जनाका लागि थप स्रोत र श्रममूलक आयोजनाहरूको आवश्यकता रहेको सङ्केत गर्दछ। अध्यक्ष रोजगार कार्यक्रम मार्फत सामग्री खरिदमा गरिएको साझेदारीले भौतिक पूर्वाधार निर्माणमा सहयोग पुऱ्याए पनि, बढ्दो बेरोजगार जनशक्तिलाई सम्बोधन गर्न आगामी बजेटमा कार्यदिन वृद्धि गर्ने र सीपमूलक तालिमहरूमा ध्यान दिनु आवश्यक देखिन्छ।

**घ) व्यवसाय दर्ता**

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका उद्योग विकास शाखा भित्र १० वटा उद्योग दर्दा गरि संचालनमा रहेका छन्। संचालनमा रहेका उद्योगमध्ये लघु उद्यम दर्ता भएका छन् । चालु आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका उद्योग विकास शाखा भित्र ४२ वटा लघु उद्यम व्यवसाय दर्ता भई संचालनमा रहेका छन् । दर्ताभएका लघु उद्यम व्यवसाय मध्ये ८० प्रतिसत व्यवसाय अपिहिमाल गाउँपालिका भित्र प्राप्त हुने कच्चा पदार्थमा मा आधारित व्यवसाय दर्ता रहेका छन् ।

**ङ) वणिज्य र बजार अनुगमन**

चालु आर्थिक वर्षमा अपिहमाल गाउँपालिका भित्र रहेका बजारहरुलाई २ पटक अनुगमन गरिएको छ । बजार अनुगमनले गर्दा गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपुर्ति हुने वातावरणको सुनिश्चितता गर्न सकिने भएकाले अपिहिमाल गाउँपालिका भित्र रहेका वाणिज्य व्यवसायि हरुलाई खाद्य वस्तुको म्याद सम्बन्धी जानकारी भएको छ।

**च) कृषि उत्पादन**

अपिहिमाल गाउँपालिकाका प्रमुख कृषि बालीमा मकै, गहुँ, जौ, कोदो, आलु, सिमी, फापर, चिनो र कगुनो आदी रहेका छन्। फलफुलमा नासपाती, ओखर, स्याउ, आरु तथा तरकारीहरुमा लसुन, प्याज,काउली बन्दा, सिमी, मुला, रायो,धनीयाँ, मेथि, पालुङगो, चम्सुर,आलु,बेमौसमे टमाटर, बैगन, फर्सी, करेला, बरेला, खुर्सानी, आदि पाईन्छ । अर्गानिक अपि उत्पादन कार्यक्रम तथा कृषि विकास शाखाको पहलबाट अपिहिमाल गाउँपालिका भित्र अर्गानिक उत्पादनमा जोड दिएकाले स्थानिय कृषि उपज उत्पादनमा जोड दिइएको छ।

### छ) दैनिक पशुपंक्षी उपचार चेकजाँच तर्फ

अपिहिमाल गाउँपालिकाले स्थानीय अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको पशुपालन क्षेत्रलाई प्रवर्द्धन गर्न आर्थिक वर्ष २०८१/०८२ र २०८२/०८३ (वैशाख मसान्तसम्म) मा रणनीतिक योजनाहरू कार्यान्वयन गरेको छ। गाउँपालिकाले पशु स्वास्थ्य सुरक्षा, नश्ल सुधार, र पूर्वाधार विकास मार्फत किसानको आम्दानी वृद्धि गर्ने उद्देश्य राखेको छ। दुई वर्षको तथ्याङ्कले पशु सेवाको पहुँचमा व्यापक विस्तार र उपचारमुखी सेवाबाट उत्पादनमुखी सेवातर्फको रूपान्तरणलाई देखाउँछ।

| क्रं.सं | पशुको प्रकार | आर्थिक बर्ष २०८१/ २०८२ मा उपचार गरिएको संख्या | आर्थिक बर्ष २०८२/ २०८३ जेठ मसान्त सम्ममा उपचार गरिएको संख्या |
|---|---|---|---|
| १ | गाई,गोरु | ८५० | १,६०० |
| २ | बाख्रा ,भेडा | १,३०० | ४,००० |
| ३ | भैंसी | | ११९ |
| ४ | कुखुरा | ४०० | ६०० |
| ५ | अन्य पशु | ५०० | १,२०० |
| | | ३०५० | ७,५१९ |

आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाले विशेष गरी आधारभूत पशु स्वास्थ्य र नश्ल सुधारमा जोड दिएको थियो। औषधी खरिदमा ३ लाख रुपैयाँ र रेबिज खोपमा १ लाख रुपैयाँ खर्च गरी कुल ३ हजार ५० पशुपन्छीको निःशुल्क उपचार गरिएको थियो। जसमा ८५० गाईगोरु, १ हजार ३०० भेडाबाख्रा, ४०० कुखुरा र ५०० अन्य पशुहरू समावेश थिए। यसै वर्ष ५ लाख रुपैयाँको लागतमा "भेडा स्रोत केन्द्र" स्थापना गरी ९ वटा उन्नत जातका भेडा वितरण गरियो, जसले स्थानीय नश्ल सुधारको जग बसालेको छ।

| खोप | पशुको संख्या | पशुको प्रकार | कैफियत |
|---|---|---|---|
| पि.पि.आर | **८,०००** | **भेडा,बाख्रा** | |
| **रेबिज** | **०** | **कुकुर ,बिरालो** | |
| **खोरेत** | **५,०००** | **गाई ,बाख्रा भेडा** | |
| **एच.स. बि.क्यु** | **०** | **गाई ,भैंसी** | |
| **जम्मा** | **१३,०००** | | |

चालु आर्थिक वर्ष २०८२/०८३ को वैशाख मसान्तसम्म पशु सेवाको दायरा उल्लेख्य रूपमा बढेको देखिन्छ। यस वर्ष औषधी खरिद बजेट ४ लाख रुपैयाँ पुऱ्याइएको छ, जसबाट ७ हजार ५१९ पशुपन्छीको उपचार गरिएको छ'यो संख्या अघिल्लो वर्षको तुलनामा दोब्बर भन्दा बढी हो। यस वर्षको मुख्य रणनीतिक फड्को भनेको ४ लाख रुपैयाँको कृत्रिम गर्भाधान सामग्री खरिद र १ लाख २० हजार रुपैयाँको घुम्ती खोर तथा गोठ सुधार कार्यक्रम हो। यसका साथै, खोप अभियान मार्फत १३ हजार पशुहरूलाई (८ हजार पि.पि.आर र ५ हजार खोरेत) सुरक्षित गरिएको छ, जसले पशु मृत्युदर घटाउन ठूलो भूमिका खेलेको छ।


यी दुई आर्थिक वर्षको तथ्याङ्कलाई तुलना गर्दा गाउँपालिकाले उपचार सेवामा मात्र सीमित नभई दिगो उत्पादनमा जोड दिएको स्पष्ट हुन्छ। २०८१ मा उपचार र रोग नियन्त्रणमा केन्द्रित कार्यक्रमहरू २०८२/०८३ सम्म आइपुग्दा नश्ल सुधार (कृत्रिम गर्भाधान) र गोठ व्यवस्थापन जस्ता उत्पादनशील क्षेत्रमा विस्तार भएका छन्। ७ हजार ५१९ पशुको उपचार र १३ हजार पशुको खोपले किसानको ठुलो आर्थिक नोक्सानी बचाउनुका साथै स्वस्थ पशुबाट दुध, मासु र मलको उत्पादन बढाई स्थानीय ग्रामीण अर्थतन्त्रमा प्रत्यक्ष सकारात्मक प्रभाव पारेको छ।

## भाग ५. सामाजिक विकास

### क) स्वास्थ्य

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका भित्र स्वास्थ्य सम्बन्धी आधारभुत सेवा ५६०६ जनाले लिएका थिए । स्वास्थ्य संस्थाबाट सेवा पाएका ६० वर्ष भन्दा माथिका जम्मा ५७५ जना गाउँ घर किल्निकबाट सेवा पाएका ९६५ जना तथा महिला स्वस्थ्य सोयम सेविका बाट सेवा पाएका जम्मा सेवाग्राही ५७३० जनाले सेवा लिएका छन् ।

आर्थिक सर्वेक्षण प्रतिवेदनको सिलसिलामा अपीहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ देखि २०८२/८३ सम्मको स्वास्थ्य तथा खोप तथ्याङ्कको तुलनात्मक विश्लेषण गर्दा अत्यावश्यक जनस्वास्थ्य सेवाको पहुँच र उपयोगको स्तरमा केही गम्भीर संकुचन र चुनौतीहरू देखा परेका छन् । खोप कार्यक्रमको क्षेत्रमा समीक्षा अवधिमा बालबालिकातर्फ बीसीजी खोप सेवा प्राप्त गर्नेको संख्या ६९ मा स्थिर रहे तापनि अन्य जीवनरक्षक खोपहरु जस्तै एफआईपीभी (दोस्रो मात्रा), पीसीभी (तेस्रो मात्रा) र ९—११ महिनाका बालबालिकाले लगाउने दादुरा—रुबेला खोप लिनेको संख्या अघिल्लो वर्षको ९४ बाट घटेर ६९ मा झरेको छ भने १२ देखि २३ महिनाका बालबालिकामा दादुरा-रुबेला खोपको पहुँच पनि १०४ बाट ७१ मा ओर्लिएको छ। बालबालिकाको पूर्ण खोप कभरेज सुनिश्चित गर्ने लक्ष्यमा धक्का पुग्नुका साथै गर्भवती महिलातर्फ टीडी खोपको दोस्रो मात्रा लिने संख्या ५२ बाट ४७ र दोस्रोभन्दा बढी मात्रा (मात्रा-२+) लिने महिलाहरू ५४ बाट घटेर ३२ मा सीमित हुनुले प्रसूतिपूर्वको खोप सेवाको दायरा समेत खस्किएको पुष्टि गर्दछ।



त्यसैगरी, परिवार नियोजन तथा सुरक्षित मातृत्व सेवाको उपभोगमा पनि मिश्रित तर मुख्य रूपमा ह्रासोन्मुख प्रवृत्ति देखा परेको छ। परिवार नियोजन सेवाको सन्दर्भमा २० वर्ष वा सोभन्दा माथिका उमेर समूहका महिलाहरूमा पिल्सको प्रयोग ४४ बाट ३३, डिपोको प्रयोग ७८ बाट ४८ र इम्प्लान्टको प्रयोग ४५ बाट ३३ मा ह्रास आएसँगै अस्थायी साधनका नयाँ प्रयोगकर्ताहरूको संख्यामा समग्र गिरावट आएको छ, यद्यपि २० वर्षभन्दा कम उमेर समूहमा डिपो प्रयोगकर्ता ३ बाट सामान्य रूपमा बढेर ४ पुगेको देखिन्छ। सुरक्षित मातृत्वको सबालमा २० वर्षभन्दा कम उमेरका गर्भवती महिलाहरूमा पहिलो गर्भजाँच दर १० बाट १५ र मापदण्डअनुसार आठ पटक नै गर्भजाँच गराउने संख्या ४ बाट ९ पुग्नुले किशोरी अवस्थाको गर्भावस्थामा स्वास्थ्य सचेतना परिपक्व हुँदै गएको सकारात्मक संकेत गरे तापनि २० वर्षभन्दा माथिका महिलाहरूको गर्भजाँच संख्या घट्नु र दक्ष प्रसूतिकर्मी (SBA) को सहायतामा स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी हुने महिलाको संख्या ५१ बाट घटेर ४१ मा सीमित हुनु जनस्वास्थ्यका दृष्टिले चिन्ताजनक छ।
समग्रमा, अपीहिमाल गाउँपालिकाका बाल खोप, परिवार नियोजन र सुरक्षित प्रसूति सेवा जस्ता प्राथमिक स्वास्थ्य सूचकहरूमा देखिएको यो उल्लेखनीय ह्रासले स्थानीय स्तरमा स्वास्थ्य सेवा प्रवाहको प्रभावकारिता र सेवाको पहुँचमा अवरोध सिर्जना भएको स्पष्ट पार्दछ। दक्ष प्रसूतिकर्मीबाट हुने प्रसूति सेवा र पूर्ण खोप कभरेज घट्नुले स्थानीय स्तरमा जनस्वास्थ्यको क्षेत्रमा गरिएको लगानीको प्रतिफलमा चुनौती थपेको छ। यस्तो संकुचनले दीर्घकालीन रूपमा गाउँपालिकाको मानव पूँजी निर्माणको प्रक्रियामा समेत नकारात्मक प्रभाव पार्न सक्ने भएकाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट मार्फत यी सेवाहरूमा आएको ह्रासका अन्तर्निहित कारणहरू पहिचान गरी लक्षित सुधार, व्यवस्थापकीय सुदृढीकरण र रणनीतिक हस्तक्षेप गर्नुपर्ने अपरिहार्यता देखिन्छ।

**अपिहिमाल गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु**

- आधारभुत स्वास्थ्य सेवा केन्द्र ४
- स्वास्थ्य चौकी २ वटा

## ख) शिक्षा

१. शिक्षाका आधारभूत सूचकहरुः

| | सूचक | २०८१ | २०८२ |
|---|---|---|---|
| **१. आधारभूत शिक्षा** | | | |
| १.१. | प्रारम्भिक बालशिक्षा तथा विकास/ पुर्व प्राथमिक शिक्षामा कुल भर्नादर | ९९.०७ | ९९.५७ |
| १.२ | प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा नव प्रवेशीको प्रतिशत | १०० | १०० |
| १.३ | कक्षा १ मा कुल भर्नादर | १४०.६ | १३०.८ |
| १.४ | कक्षा १ मा खुद भर्नादर | ९९.०२ | ९९.६५ |
| १.५ | कुल भर्नादर आधारभूत शिक्षा(कक्षा १-५) | १२०.९० | ११२.८० |
| १.६ | खुद भर्नादर आधारभूत शिक्षा (१-५) | ९९.३० | ९९.५० |
| १.७ | कुल भर्नादर आधारभूत शिक्षा (१-८) | ११५.७६ | ११०.९८ |
| १.८ | खुद भर्नादर आधारभूत शिक्षा (१-८) | ९८.८ | ९९.०८ |
| १.९ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समतासुचकांक | १.० | १.० |
| १.१० | कक्षा ३ मा टिकाउदर | १०० | १०० |
| १.११ | कक्षा ५ मा टिकाउदर | ९९.९० | १०० |
| १.१२ | आधारभूत तह शिक्षाको तह पुरा गर्ने दर | ९३.६७ | ९५.५४ |
| १.१३ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १.०२ | ०.९० |
| १.१४ | कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | ५२.८७ | ५६.७५ |
| **२. माध्यमिक शिक्षा (९-१२)** | | | |
| २.१ | कक्षा ९-१२ को कुल भर्नादर | ९०.०५ | ९२.६७ |
| २.२ | कक्षा ९-१२ को खुद भर्नादर | ८०.७६ | ८२.६७ |
| २.३ | कक्षा १० सम्मको टिकाउदर | ९०.४५ | ९२.७८ |
| २.४ | कक्षा १२ सम्मको टिकाउदर | ६२.५० | ६५.७६ |
| २.५ | माध्यमिक शिक्षा (१-१२) मा लैंगिक समता सुचकांकका आधारमा खुद भर्नादर | १.०० | १.०० |
| **३. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाई** | | | |
| ३.१ | साक्षरता दर ५ वर्ष र माथी | ८६.२५ | ८८.५२ |
| ३.२ | साक्षरता दर १५-२४ वर्ष | ९९.०६ | ९९.४२ |
| ३.३ | साक्षरता दर १५ वर्ष माथी | ८०.५६ | ८१.२४ |

| | | | |
|---|---|---|---|
| **४. शिक्षक व्यवस्थापन तथा पेसागत विकास** | | | |
| ४.१ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत | ३०.५० | ३३.३३ |
| ४.२ | माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत | ४.५४ | ९.०९ |

गाउँपालिकाभित्र शैक्षिक पूर्वाधार र जनशक्तिको उपलब्धता सुदृढ देखिए तापनि विद्यार्थी संख्याको संकुचन चुनौतीपूर्ण बनेको छ।

- **विद्यालयको संरचनागत अवस्थाः** गाउँपालिका क्षेत्रभित्र हाल कुल २२ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। जसमध्ये प्रारम्भिक तथा आधारभूत शिक्षा प्रवाह गर्ने विद्यालयको बाहुल्यता रहेको छ। कूल विद्यालयमध्ये आधारभूत तह (कक्षा ०—३) का ४ वटा, आधारभूत तह (कक्षा ०—५) का १० वटा, र आधारभूत तह (कक्षा ०—८) का ४ वटा विद्यालय रहेका छन्। त्यसैगरी, माध्यमिक तह (कक्षा ०—१०) का ३ वटा र उच्च माध्यमिक तह (कक्षा ०—१२) सम्म अध्यापन हुने १ वटा विद्यालय सञ्चालनमा रहेका छन्। यस संरचनाले गाउँपालिकाभित्र प्राथमिक र आधारभूत शिक्षाको भौगोलिक पहुँचलाई व्यापक बनाएको संकेत गर्दछ।
- **जनशाङ्खिक परिवर्तन र विद्यार्थी भर्नाको प्रवृत्तिः** शैक्षिक सत्र २०८१ मा गाउँपालिकाभरि कुल विद्यार्थी संख्या १ हजार ६ सय ३४ रहेकोमा शैक्षिक सत्र २०८२ मा सो संख्या उल्लेख्य रूपमा घट्दै १ हजार ३ सय ५९ मा खुम्चिएको छ। यसरी एक वर्षको अवधिमा विद्यार्थी संख्यामा आएको १६.८ प्रतिशतको तीव्र गिरावटले गाउँपालिकाबाट भैरहेको तीव्र बाह्य बसाईंसराइ वा जन्मदरमा आएको क्रमिक ह्रासलाई प्रतिविम्बित गर्दछ, जुन दीर्घकालीन योजना निर्माणका लागि गम्भीर समीक्षाको विषय हो।
- **शिक्षक व्यवस्थापनमा स्थानीय तहको दायित्वः** गाउँपालिकामा कुल १ सय ३७ जना शिक्षकहरू कार्यरत छन्। जसको संरचनागत विश्लेषण गर्दा संघीय सरकारको दरबन्दीमा ६४ जना, राहत कोटामा १६ जना, र संघीय अनुदान अन्तर्गत १२ जना रहेका छन्। संघीय स्रोतको न्यूनतालाई परिपूर्ति गर्न गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट ४५ जना (कुल शिक्षकको ३२.८ प्रतिशत) शिक्षक अनुदानमा व्यवस्थापन गरेको छ। यसले शिक्षाको निरन्तरता र गुणस्तर कायम राख्न स्थानीय सरकारले उच्च वित्तीय भार वहन गरिरहेको पुष्टि गर्दछ।
- **शिक्षक-विद्यार्थी अनुपातको अनुकूलताः** गाउँपालिकाको समग्र शिक्षक-विद्यार्थी अनुपात १:१० कायम रहेको छ। यो अनुपात राष्ट्रिय मापदण्डको तुलनामा निकै अनुकूल र उदाहरणीय हो। यसले विद्यालयहरूमा शिक्षकको पर्याप्तता रहेको र प्रत्येक विद्यार्थीमा शिक्षकको व्यक्तिगत ध्यान पुग्न सक्ने उत्कृष्ट वातावरण सृजना भएको देखाउँछ।

**विद्यालय शिक्षक दरबन्दी**

| क्र.स | तह | दरवन्दी | राहत | संघीय अनुदान | गा.पा. अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १. | माध्यमिक (११-१२) | ० | २ | - | २ | ४ |
| २. | माध्यमिक (९-१०) | ४ | १ | ८ | ५ | १८ |
| ३. | आधारभूत (६-८) | ६ | २ | ४ | २१ | ३३ |
| ४. | आधारभूत(१-५) | ४६ | ११ | - | १७ | ७४ |
| ५. | प्रविधिक धार(९-१२) | ८ | ० | ० | ० | ८ |
| | जम्मा | ६४ | १६ | १२ | ४५ | १३७ |

विद्यालय जाने उमेर समूहका बालबालिकाहरूलाई शैक्षिक मूलधारमा ल्याउने प्रयासमा गाउँपालिकाले उत्साहजनक सफलता हासिल गरेको छ।

- **खुद र कुल भर्ना दरको सकारात्मक रूपान्तरण:** आधारभूत तह (कक्षा १—८) को खुद भर्ना दर (Net Enrollment Rate) ९८.८ प्रतिशतबाट परिमार्जन भई ९९.०८ प्रतिशत पुगेको छ। यसैगरी माध्यमिक तह (कक्षा ९—१२) को खुद भर्ना दर पनि ८०.७६ प्रतिशतबाट वृद्धि भई ८२.६७ प्रतिशत कायम भएको छ। यसको विपरित, कक्षा १ को कुल भर्ना दर (Gross Enrollment Rate) १४०.६ प्रतिशतबाट घटेर १३०.८ प्रतिशत र समग्र आधारभूत तहको कुल भर्ना दर ११५.७६ प्रतिशतबाट ११०.९८ प्रतिशतमा झरेको छ। खुद भर्ना दर बढ्नु र कुल भर्ना दर घट्नुले शैक्षिक प्रणालीमा "उमेर-अनुकूल भर्ना" (Age-appropriate enrollment) मा सुधार आएको र कक्षा दोहोऱ्याउने प्रवृत्तिका साथै उमेर नाघेका बालबालिका भर्ना हुने दरमा कमी आएको प्रस्ट पार्दछ।
- **अनिवार्य शिक्षा र ड्रप-आउटको न्यूनीकरण:** ५ देखि १२ वर्ष उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाको संख्या १.०२ प्रतिशतबाट घटेर ०.९० प्रतिशतमा सीमित भएको छ। यसले गाउँपालिका सतप्रतिशत खुद भर्नाको लक्ष्यको नजिक पुगेको देखाउँछ।
- **लैङ्गिक समता र समावेशी सहभागिता:** लैङ्गिक समता सूचकांक (Gender Parity Index) आधारभूत (१—८) र माध्यमिक (१—१२) दुवै तहमा १.० को आदर्श विन्दुमा पुगेको छ। यसले गाउँपालिकामा छात्र र छात्राको शैक्षिक पहुँच र अवसरमा पूर्ण समानता रहेको र सामाजिक-लैङ्गिक विभेद शून्यप्रायः भएको प्रमाणित गर्दछ। महिला शिक्षकको सहभागिता आधारभूत तहमा ३०.५० प्रतिशतबाट बढेर ३३.३३ प्रतिशत पुगेको छ भने माध्यमिक तहमा ४.५४ प्रतिशतबाट दोब्बर वृद्धि भई ९.०९ प्रतिशत कायम भएको छ। यद्यपि, माध्यमिक तहमा महिला शिक्षकको उपस्थिति अझै पनि न्यून रहेकाले यसमा थप सुधारको खाँचो छ।

२. विद्यार्थि विवरण

| शै.स. २०८१ जम्मा विद्यार्थी संख्या | शै.स. २०८२ |
|---|---|
| १६३४ | १३५९ |

३. विद्यालय विवरण

| क्र.स. | तह | संख्या |
|---|---|---|
| १ | आधारभुत तह (०-३) | ४ |
| २ | आधारभूत तह (०-५) | १० |
| ३ | आधारभूत तह (०-८) | ४ |
| ४ | माध्यमिक तह (०-१०) | ३ |
| ५ | माध्यमिक तह(०-१२) | १ |
| | | २२ |

शिक्षक विद्यार्थी अनुपात १:१० रहेको छ।

शैक्षिक पहुँचमा भएको विस्तारसँगै सिकाइ उपलब्धि र विद्यार्थी टिकाउ दरमा समेत गुणात्मक सुधार अभिलेख गरिएको छ।

- **विद्यार्थी टिकाउ दर (Retention Rate) मा सुधार:** शैक्षिक प्रणालीको आन्तरिक दक्षता मापन गर्ने प्रमुख सूचकका रूपमा रहेको टिकाउ दर प्राथमिक तह (कक्षा ३ र ५) मा १०० प्रतिशत कायम रहनु अत्यन्तै सकारात्मक पक्ष हो। त्यसैगरी, कक्षा १० सम्मको टिकाउ दर ९०.४५ प्रतिशतबाट बढेर ९२.७८ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ६२.५० प्रतिशतबाट प्रगति गर्दै ६५.७६ प्रतिशत पुगेको छ। यसले उपल्लो तहमा पुगेर विद्यालय छाड्ने (Drop-out) दर घट्दै गएको संकेत गर्दछ।
- **पठन सक्षमता र साक्षरता दरमा अभिवृद्धि:** प्राथमिक तहको सिकाइ स्तरको मापन गर्ने कक्षा ३ को विद्यार्थी पठन सक्षमता ५२.८७ प्रतिशतबाट बढेर ५६.७५ प्रतिशत पुगेको छ। यसले प्रारम्भिक कक्षाको पठन संस्कृतिमा सुधार आएको देखाउँछ। फलस्वरूप, आधारभूत शिक्षा पूरा गर्ने दर ९३.६७ प्रतिशतबाट वृद्धि भई ९५.५४ प्रतिशत पुगेको छ। गाउँपालिकाको समग्र साक्षरता दर (५ वर्ष र माथि) ८६.२५ प्रतिशतबाट परिमार्जन भई ८८.५२ प्रतिशत पुगेको छ भने १५—२४ वर्ष उमेर समूहको युवा साक्षरता दर ९९.४२ प्रतिशत पुग्नुले युवा पुस्ता पूर्ण साक्षरताको दिशामा अग्रसर रहेको प्रमाणित गर्दछ।

समग्रमा, समीक्षा अवधिमा अपिहिमाल गाउँपालिकाको शिक्षा क्षेत्रका परिमाणात्मक तथा गुणात्मक सूचकहरू सकारात्मक दिशामा अघि बढेका छन्। उत्कृष्ट शिक्षक-विद्यार्थी अनुपात र पूर्ण लैङ्गिक समानता पालिकाका सबल पक्ष हुन्। आगामी दिनमा, समग्र विद्यार्थी संख्यामा आइरहेको संकुचनको ठोस कारण पहिल्याई जनसंख्या व्यवस्थापन र बसाइँसराइ रोक्ने नीति लिनु आवश्यक देखिन्छ। साथै, माध्यमिक तहमा महिला शिक्षकको न्यून प्रतिनिधित्वलाई सन्तुलनमा ल्याउन र कक्षा १२ सम्मको टिकाउ दरलाई अझ सुदृढ गर्न गाउँपालिकाले लक्षित छात्रवृत्ति तथा प्राविधिक शिक्षा तर्फ जोड दिनु उपयुक्त हुनेछ।

## ग) खानेपानी तथा सरसफाई

गाउँपालिकाको पछिल्लो प्रतिवेदन र 'NWASH' तथ्याङ्कलाई आधार मानी स्थानीय खानेपानी तथा सरसफाइको अवस्था चित्रित गरिएको छ।

**खानेपानीको पहुँच र स्रोतको दिगोपना**

तथ्याङ्क अनुसार अपिहिमाल गाउँपालिकामा १,४४२ वटा धाराहरू सञ्चालनमा छन्, जसले ८,१३० जनसंख्या र १,४५७ घरधुरीलाई समेटेको छ। कुल धाराहरू मध्ये ९१.४% (१,३१८ धारा) मा दैनिक आवश्यकताका लागि पर्याप्त पानी उपलब्ध हुनुले नागरिकको जीवनस्तर र उत्पादकत्वमा सकारात्मक प्रभाव पारेको देखिन्छ। साथै, ९४.९% पानीका स्रोतहरू वर्षैभरी उपलब्ध रहनु आर्थिक दृष्टिकोणले कृषि र साना उद्योगका लागि सुखद पक्ष हो। यद्यपि, प्रतिवेदनले न्यून प्रतिशत जनसंख्यामा मात्र सुरक्षित रूपमा व्यवस्थित (Safely Managed) खानेपानी सेवा रहेको उल्लेख गर्नुले गुणस्तर सुधारमा ठूलो लगानीको आवश्यकता देखाउँछ।

**सरसफाइको उपलब्धि र आर्थिक दायित्व**

गाउँपालिकाले सरसफाइको क्षेत्रमा उल्लेखनीय सफलता प्राप्त गरेको छ। यहाँका ९९.४२% घरधुरीमा शौचालयको उपलब्धता रहेको छ भने ९९.५९% ले "पोर फ्लस" शौचालय प्रयोग गर्दछन्, जसले पानीजन्य रोगहरू कम गरी जनस्वास्थ्यमा हुने स्थानीय खर्च घटाउन महत्वपूर्ण भूमिका खेल्छ। तर, सरसफाइ क्षेत्रको कुल लगानीको ७८.८५% हिस्सा सञ्चालन खर्च (OpEx) मा हुने प्रक्षेपण गरिएको छ, जसले गाउँपालिकाको वार्षिक बजेटमा दीर्घकालीन भार बढाउने देखिन्छ। यसै सन्दर्भमा, सहरीकरण र बजारको साखलाई ध्यानमा राख्दै फोहोरमैला व्यवस्थापनका लागि खण्डेश्वरी बजार क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको छ।

**संस्थागत WASH र मानव विकास**

मानव पुँजी निर्माणमा विद्यालय र स्वास्थ्य संस्थाको WASH अवस्थाले प्रत्यक्ष प्रभाव पार्छ। गाउँपालिकाका २२ विद्यालयहरूमध्ये अधिकांशमा आधारभूत खानेपानी सेवा उपलब्ध भए पनि "उन्नत" (Advanced) सेवाको अभाव देखिन्छ, जसको सुधारका लागि १० वर्षे योजनामा कुल बजेटको करिब २१.५३% हिस्सा आवश्यक पर्ने अनुमान गरिएको छ। त्यस्तै, ७ वटा स्वास्थ्य संस्थाहरूमध्ये धेरैमा स्वच्छता सेवा अझै पनि "सीमित" अवस्थामा रहनुले समग्र स्वास्थ्य सेवाको गुणस्तरमा चुनौती थपेको छ, जसलाई समयमै सम्बोधन गर्न पुँजीगत खर्च बढाउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ।

**आगामी लगानीका प्राथमिकताहरू**

आर्थिक सर्वेक्षण प्रतिवेदनका लागि आवश्यक पर्ने क्षेत्रगत लगानीको १० वर्षे रणनीतिक बाँडफाँड अनुसार कुल बजेटको सबैभन्दा ठूलो हिस्सा ३३.४४% खानेपानी आपूर्ति (WSH) मा विनियोजन गरिएको छ भने दोस्रो ठूलो हिस्सा ३१.३१% सरसफाइ (Sanitation) क्षेत्रका लागि छुट्याइएको छ। यसैगरी, मानव विकासका महत्त्वपूर्ण सूचक मानिएका विद्यालय क्षेत्र (School WASH) का लागि २१.५३%, स्वास्थ्य संस्था (HCF) का लागि ८.८५%, र सार्वजनिक स्थलहरू (PP) को सरसफाइ व्यवस्थापनका लागि ४.८७% बजेट प्रस्तावित गरिएको छ।

अपिहिमाल गाउँपालिकाले आधारभूत पूर्वाधार निर्माणमा राम्रो आधार तयार गरे पनि दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्न र खानेपानीलाई "सुरक्षित" श्रेणीमा पुर्याउन आगामी १० वर्षमा पुँजीगत र सञ्चालन खर्चमा ठूलो वित्तीय स्रोत जुटाउनुपर्ने देखिन्छ। विशेष गरी विद्यालय र स्वास्थ्य संस्थामा स्वच्छता सेवाको स्तरवृद्धि गर्नु आगामी आर्थिक वर्षको मुख्य चुनौती र अवसर दुवै हो।

**फोहोरमैला व्यवस्थापन**

गत आर्थिक बर्षमा अपिहिमाल गाउँपालिका वडा नं. ५ मकरीगाड बजारमा फोहर मैला व्यवस्थापन केन्द्र निमाण गरिएको थियो भने चलु आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका को वडा नं. १, ३ को विभिन्न स्थानहरूमा जम्मा २० वटा फोहोर संकलन केन्द्र PITS हरुको निर्माण गरिएको छ।

## घ) व्यक्तिगत घटना दर्ता

गत आर्थिक वर्षमा अपिहिमाल गाउँपालिका भित्र व्यक्तिगत घटना दर्ताविवरण निम्न अनुसारको रहेको छ।

चालु आर्थिक वर्ष अपिहिमाल गाउँपालिका भित्र व्यक्तिगत घटना दर्ताविवरण निम्न अनुसारको रहेको छ।

| सिन | विवरण | दर्ता अवधी (२०८१ साल बैशाख देखि चैत्र ) | | | | | | कैफियत | दर्ता अवधी (२०८२ साल बैशाख देखि चैत्र ) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३५ दिन भित्र | | १ बर्ष भित्र | | १ बर्ष पछी | | | ३५ दिन भित्र | | १ बर्ष भित्र | | १ बर्ष पछी | | |
| | | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | |
| १ | जन्म दर्ता | १३ | १२ | १२ | १५ | २१ | ३७ | | १६ | २३ | १५ | १७ | १७ | २६ | |
| २ | मृत्यु दर्ता | ७ | १२ | २ | ६ | १ | २ | | ७ | १७ | १० | ३ | १२ | १३ | |
| ३ | विवाह दर्ता | ८ जोडी | | १६ जोडी | | १६ जोडी | | | १२ जोडी | | १९जोडी | | २२ जोडी | | |
| ४ | बसाइ सराई | ११ | १५ | - | - | - | - | गएको | ६ | १० | - | - | - | - | गएको |
| ५ | सम्बन्ध विच्छेद | १ जोडी | | - | | - | | | १ जोडी | | - | | - | | |
| ६ | पुर्ण अपाङगता दर्ता | – | – | – | – | – | – | | – | – | – | – | २ | ४ | |
| ७ | आशिंक अपाङगता दर्ता | – | – | – | – | १ | १ | | – | – | – | – | ० | १ | |

अपिहिमाल गाउँपालिकाको वडा नं. १ देखि ६ सम्मको व्यक्तिगत घटना दर्ताको तथ्याङ्कलाई सूक्ष्म रूपमा विश्लेषण गर्दा स्थानीय जनसाङ्ख्यिक स्थिति र नागरिक सचेतनामा उल्लेखनीय सुधार भइरहेको स्पष्ट देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा कुल ११० जनाको जन्म दर्ता भएकोमा आर्थिक वर्ष २०८२/८३ मा उक्त सङ्ख्या सामान्य वृद्धि भई ११४ पुगेको छ। यहाँ सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको कानुनी प्रावधान अनुसार ३५ दिनभित्रै (समयमै) जन्म दर्ता गराउनेको सङ्ख्या हो, जुन २५ बाट उल्लेख्य रूपमा वृद्धि भई ३९ पुगेको छ। यसले ग्रामीण भेगका नागरिकहरूमा कानुनी प्रक्रिया र पञ्जीकरणको महत्त्वबारे बुझाइ र उत्तरदायित्वको भावना विकसित हुँदै गएको पुष्टि गर्दछ। साथै, सामाजिक स्थिरता र प्रशासनिक आबद्धताको अर्को बलियो सूचकका रूपमा रहेको विवाह दर्तामा पनि २०८१ को ४० जोडीको तुलनामा २०८२ मा ५३ जोडी पुग्नुले स्थानीय बासिन्दाहरू राज्यको औपचारिक प्रणालीमा क्रमिक रूपमा जोडिन इच्छुक रहेको र सामाजिक पञ्जीकरणप्रतिको सक्रियता बढ्दै गएको सङ्केत गर्दछ।

मृत्यु दर्ता, बसाईंसराइ र लक्षित वर्गको पहिचानको क्षेत्रमा पनि २०८२ सालमा केही विशिष्ट र सकारात्मक प्रवृत्तिहरू देखा परेका छन्। जसअन्तर्गत मृत्यु दर्ताको सङ्ख्या ३० बाट बढेर ६२ पुग्नुले विगतका बाँकी अभिलेखहरूलाई व्यवस्थित गर्ने अभियान सफल भएको झल्काउँछ। विशेष गरी एक वर्षपछि दर्ता गरिएका २५ वटा घटनाहरूले पुराना तथ्याङ्कहरूलाई कानुनी दायरामा ल्याउने र लाभग्राहीहरूलाई राज्यको सामाजिक सुरक्षा प्रणालीमा समावेश गराउने क्रम तीव्र भएको बुझाउँछ। अर्को सकारात्मक पक्ष भनेको गाउँपालिकाबाट बाहिरिने अर्थात् बसाइँ सरेर जाने

नागरिकको सङ्ख्या २६ बाट घटेर १६ मा सीमित हुनु हो, जसले स्थानीय स्तरमा बसोबासको स्थायित्व र आर्थिक अवसरहरूको खोजीमा आएको सकारात्मक परिवर्तनलाई सङ्केत गर्दछ। यद्यपि, सम्बन्धविच्छेदका घटना दुवै वर्ष १–१ जोडीमा मात्र सीमित रहनुले यहाँको मौलिक पारिवारिक संरचना र सामाजिक सद्भाव निकै बलियो रहेको प्रमाणित गर्दछ भने अघिल्लो वर्ष शून्य रहेको पूर्ण अपाङ्गता दर्ता सङ्ख्या यस वर्ष बढेर ६ पुग्नु

## क) सामाजिक सुरक्षा

| सामजिक सुरक्षाको कसिम | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | कायम संख्या | रकम | कायम संख्या | रकम | कायम संख्या | रकम | कायम संख्या | रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ३९४ | ४६८२५०९ | ३९४ | ४६४४९४८ | ३८८ | ४५८९९५४ | ३९६ | ४७२१९६८ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ८ | ६३८४० | ८ | ६३८४० | ८ | ६३८४० | ८ | ६३८४० |
| जेष्ठ नागरिक एकल महिला | २९ | २३१४२० | २९ | २३१४२० | २८ | २२३४४० | २४ | १९१५२० |
| विधवा (आर्थिक सहायता) | ९६ | ७६०७६० | ९८ | ७७४०६० | १०० | ७९२६८० | १०१ | ७९५३४० |
| क बर्ग | ९ | १०७७३० | ९ | १०७७३० | ९ | १०७७३० | १० | १११७२० |
| ख बर्ग (आर्थिक सहायता) | ५१ | ३२५५८४ | ५१ | ३२५५८४ | ५२ | ३२९८४० | ५१ | ३२१९४६ |
| दलित बालबालिका | ३२ | ४९३१७ | ३० | ४७३१३ | २९ | ४६२८४ | ३० | ४५६९५ |
| **जम्मा** | ६१९ | ६२२११६० | ६१९ | ६१९४८९५ | ६१४ | ६१५३७६८ | ६२० | ६२५२०२९ |

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको कुल संख्या गत आर्थिक वर्षको ६२० को तुलनामा चालु आर्थिक वर्षको अन्त्यसम्म केही घटेर ६१० मा सीमित हुन पुगेको छ। लाभग्राहीको संख्यामा सामान्य ह्रास आए तापनि राज्यको त्रैमासिक वित्तीय दायित्व भने अघिल्लो वर्षकै अनुपातमा अर्थात् करिब रु. ६२ लाखकै हाराहारीमा स्थिर रहेको देखिन्छ। क्षेत्रगत रूपमा हेर्दा, अन्य ज्येष्ठ नागरिक र दलित बालबालिका विधाका लाभग्राहीको संख्यामा केही कमी आएको छ। यद्यपि, घटना दर्ताको प्रवृत्तिसँग मेल खाने गरी 'क' वर्गका (पूर्ण) अपाङ्गता भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या भने ९ बाट वृद्धि भई १५ पुगेको छ।

| सामजिक सुरक्षाको कसिम | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | कायम संख्या | रकम | कायम संख्या | रकम | कायम संख्या | रकम | कायम संख्या | रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ३९६ | ४७२२९६९ | ३९० | ४६३५०२६ | ३८५ | ४६०५६६४ | ३८२ | ४५७४७१० |
| जेष्ठ नागरिक भत्ता (दलित) | ७ | ५५८६० | ७ | ५५८६० | ७ | ५५८६० | ७ | ५५८६० |
| जेष्ठ नागरिक एकल महिला | ३३ | २६३३६० | ३३ | २६३३४० | ३३ | २६३३४० | ३३ | २६३३४० |
| विधवा (आर्थिक सहायता) | ९२ | ७२६१८० | ९५ | ७५०१२० | ९९ | ७७४०६० | १०० | ७९८००० |
| क बर्ग | १० | ११९७०० | १३ | १४३६४० | १४ | १५९६०० | १५ | १७५५६० |
| ख बर्ग (आर्थिक सहायता) | ४९ | ३१२८१६ | ४९ | ३१२८१६ | ४८ | ३०६४३२ | ४८ | ३०१६२७ |
| दलित बालबालिका | २७ | ४१३९३ | २६ | ४१४९६ | २६ | ३९२९८ | २५ | ३४६४५ |
| जम्मा | ६१४ | ६२४२२५८ | ६१३ | ६२०२२९८ | ६१२ | ६२०४२५४ | ६१० | ६२०३७४२ |

अपिहिमाल गाउँपालिकामा विवाह र जन्म दर्ता जस्ता व्यक्तिगत घटना दर्तामा वृद्धि हुनुले नागरिक सेवा पहुँच र सचेतनामा सुधार आएको देखिन्छ। बसाइँसराइ दरमा आएको कमीले स्थानीय अर्थतन्त्रलाई सकारात्मक टेवा पुऱ्याउने सम्भावना छ। सामाजिक सुरक्षा तर्फ, समग्र लाभग्राहीको संख्यामा सामान्य ह्रास आए पनि पूर्ण अपाङ्गता (क वर्ग) भएका नागरिकहरूको पहिचान र राज्यको पहुँचमा वृद्धि भएको छ। राज्यको वित्तीय दायित्व स्थिर रहे तापनि जनसांख्यिक परिवर्तन र मृत्यु दर्तामा देखिएको दोब्बर वृद्धिका कारण आगामी दिनमा स्वास्थ्य क्षेत्र र लक्षित वर्ग केन्द्रित बजेट तथा नीतिमा थप ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

### ङ) युवा तथा खेलकुद

अपिहिमाल गाउँपालिकाले आर्थिक सर्वेक्षणको एक महत्त्वपूर्ण हिस्साको रूपमा खेलकुद र युवा विकासलाई उच्च प्राथमिकता दिँदै आएको छ। गाउँपालिकाले युवाहरूको खेल प्रतिभा प्रस्फुटन गर्न र विद्यालय स्तरमा लुकेर रहेका प्रतिभा पहिचान गर्न अध्यक्ष कप र राष्ट्रपति रनिङ शिल्ड जस्ता कार्यक्रमहरूमा लगानी केन्द्रित गरेको छ। यी कार्यक्रमहरूको मुख्य उद्देश्य खेलाडीहरूको क्षमता अभिवृद्धि गर्ने, उनीहरूलाई स्वस्थ प्रतिस्पर्धामा सहभागी गराउने र खेलकुदप्रति युवाहरूको आकर्षण वृद्धि गरी सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याउनु रहेको छ।

आर्थिक वर्ष २०८१/०८२ को तथ्याङ्क अनुसार गाउँपालिकाले खेलकुद क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको छ। उक्त वर्ष ३ लाख रुपैयाँ बजेटमा सञ्चालित यू-१९ क्रिकेट र २ लाख रुपैयाँ बजेटको भलिबल प्रतियोगितामा १५० भन्दा बढी खेलाडीहरू सहभागी भएका थिए, जसले शतप्रतिशत सफलता प्राप्त गरेको थियो। विशेष गरी, जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ५ लाख रुपैयाँको लगानीमा ५० जना विद्यार्थी सहभागी गराई ३ स्वर्ण, २ रजत र १ कास्य पदक प्राप्त गर्नु

गाउँपालिकाका लागि ठूलो उपलब्धि सावित भयो। यसले स्थानीय स्तरमा गरिएको लगानीले विद्यार्थीहरूको खेल कौशल वृद्धि गर्न प्रभावकारी भूमिका खेलेको देखाउँछ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा खेलकुद विकासका लागि बजेट र कार्यक्रम दुवैमा विस्तार गरिएको छ। यस वर्ष पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्डका लागि ४ लाख ८५ हजार ४५६ रुपैयाँ र जिल्ला स्तरीय सहभागिताका लागि ५ लाख ५६ हजार ५०५ रुपैयाँ विनियोजन गरिएको छ, जसमा १५० जना विद्यार्थीले प्रत्यक्ष रूपमा प्रतिस्पर्धा गरेका छन्। जिल्ला स्तरमा यस पटक १ स्वर्ण, ३ रजत र १ कास्य पदक प्राप्त भएको छ। यसका अतिरिक्त, १ लाख ५५ हजार रुपैयाँको लागतमा पन्ज्युनयां क्रिकेट लिग सञ्चालन गरी १८ जना युवा खेलाडीहरूलाई खेलकुदमा आबद्ध गराइएको छ, जसले गाउँपालिकाको युवा लक्षित लगानी र सामाजिक विकासको प्रतिबद्धतालाई थप बलियो बनाएको छ।

समग्रमा, खेलकुद क्षेत्रमा गरिएको यो लगानी र प्राप्त नतिजाहरूले अपिहिमाल गाउँपालिकामा मानव पूँजी निर्माण र युवा सशक्तीकरणमा टेवा पुऱ्याएको छ। ९९% देखि १००% सम्मको कार्यक्रम सफलता दरले विनियोजित बजेटको सही सदुपयोग भइरहेको पुष्टि गर्दछ। आगामी दिनमा यस्ता प्रतियोगिताहरूलाई निरन्तरता दिँदै प्रशिक्षण र पूर्वाधारमा थप जोड दिन सकेमा यसले गाउँपालिकाको सामाजिक-आर्थिक सूचकहरूमा अझै सकारात्मक प्रभाव पार्ने देखिन्छ।

## भाग ६. सुशासन तथा संस्थागत विकास

### क) गाउँपालिकाबाट प्रशासनिक सेवा प्रवाहमा भएका केही अभ्यासहरू

अपिहिमाल गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय, दार्चुलासँगको सहकार्यमा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी मिति २०८२/०५/१० देखि २०८२/०५/२१ सम्म ११ दिने घुम्ती सेवा अभियान सञ्चालन गरेको थियो। गाउँ कार्यपालिकाको मिति २०८२/०५/०५ को निर्णय अनुसार, सेवा टोलीले वडा नं. ५ र ६ को ओखलबाट यात्रा सुरु गरी वडा नं. १, २, ३, र ४ का विभिन्न स्थानहरू, गाउँपालिकाको सभाहल, बिसौनाचौर, घुसा र सिति हुँदै अपि बेसक्याम्प र मकरीगाडसम्म पुगेर भौगोलिक रूपमा विकट क्षेत्रमा रहेका बासिन्दाहरूलाई सरकारी प्रशासनिक सेवा सुनिश्चित गरेको थियो।

यस अभियानमार्फत कुल ३७६ जना लाभग्राहीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। जसमध्ये १०३ महिला र ८७ पुरुष गरी जम्मा १९० जनाले नागरिकताको प्रतिलिपि प्राप्त गरे भने १०९ महिला र ७७ पुरुष गरी जम्मा १८६ जनाले राष्ट्रिय परिचयपत्रका लागि आफ्नो नाम दर्ता गराए। यी तथ्याङ्कहरूले स्थानीय तहमा महिलाहरूको उत्साहजनक सहभागितालाई पुष्टि गर्दछन्। यसरी परिचयपत्रहरूको सफल वितरण गरिएकाले दुर्गम क्षेत्रका असहाय र लक्षित वर्गलाई सामाजिक सुरक्षा भत्ता लगायतका राज्य-प्रदत्त आर्थिक सुविधाहरू प्राप्त गर्न थप सहज हुने विश्वास गरिएको छ।

### ख) अपिहिमाल गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | पद | श्रेणी/तह | सेवा/समूह | मौजुदा जम्मा दरबन्दी | पदपूर्ति | रिक्त | करारमा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतीय/८औ | प्रशासन/ सा.प्र | १ | १ | 0 | |
| २ | इन्जिनियर | ७/८औ | ने.ई./ जनरल | १ | ० | १ | १ |
| ३ | शाखा अधिकृत | ७/८ औ | ने.शि./ शि.प्र. | १ | १ | ० | ० |
| ४ | अधिकृत | ६/औ | प्रसासन/सा.प्र | २ | ० | २ | |
| ५ | अधिकृत | ७/८ औ | लेखा | १ | ० | १ | |
| ६ | लेखापाल | ५/६ औ | प्रशासन/ लेखा | १ | १ | ० | |
| ७ | सव इन्जिनियर | ५/६ औ | ने.ई./जनरल | १ | ० | १ | १ |
| ८ | आन्तरीक लेखा परिक्षक | ५औ | प्राशसन/लेखा | १ | ० | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | नायब सुब्बा | ५/६ औ | प्रशासन/ सा.प्र | ४ | १ | 3 | |
| १० | महिला विकास निरीक्षक | ४/५ औ | विविध | १ | ० | १ | |
| ११ | कम्प्युटर अपरेटर | ५/६औ | विविध | १ | ० | १ | १ |
| १२ | प्रा.स | ५/६औ | शिक्षा | १ | १ | ० | |
| १३ | हे.अ. | ५/६औ | स्वास्थ्य | १ | १ | ० | |
| १४ | सि.अ.न.मी | ५/६औ | स्वास्थ्य | १ | १ | ० | |
| १५ | अ.सब. ईन्जिनियर | ४/औ | इन्जिनियरिङ | १ | १ | ० | |
| १६ | खा.पा.स.टे | ४/५औ | इन्जिनियरिङ | १ | १ | ० | |
| १७ | सहायक वडा तर्फ | ५ /६औ | प्रशासन/ सा.प्र | २ | २ | ० | |
| १८ | सव इन्जिनियर | ५ /औ | इन्जिनियरियङ | २ | 0 | -२ | २ |
| १९ | सहायक चौथो | ४/५औ | प्रशासन/ सा.प्र | ४ | २ | २ | |
| २० | अ.स.ई | ४/औ | इन्जिनियरियङ | ४ | ३ | १ | १ |
| २१ | पशु अधिकृत | ७/८औ | कृषि | १ | ० | १ | |
| २२ | कृषि | ५औ | कृषि | २ | १ | १ | |
| २३ | कृषि | ४औ | कृषि | २ | १ | १ | |
| २४ | पशु | ५औ | कृषि | २ | २ | ० | |
| २५ | पशु | ४औ | कृषि | १ | १ | ० | |
| २६ | स्वास्थ्य अधिकृत वडा स्वास्थ्य चौकी | 5/6औ | स्वास्थ्य | २ | २ | ० | |
| २७ | हे.अ/ अ हे व | 4/5औ | स्वास्थ्य | ४ | ४ | ० | |
| २८ | अ.न.मी.सि.अ.न.मी | 4/5औ | स्वास्थ्य | ४ | 3 | १ | १ |
| २९ | कविराज बैद्य | 4/5औ | स्वास्थ्य | २ | ० | २ | २ |
| ३० | औषधि कुटुवा का स | श्रेणिवीहिन | स्वास्थ्य | २ | ० | २ | २ |
| ३१ | ल्या.अ. | 4/5औ | स्वास्थ्य | २ | ० | ० | २ |
| ३२ | का.स. | श्रैणी विहिन | वडा कार्यालय | १ | १ | ० | |
| ३३ | स्वास्थ्य का.स. | श्रेणिविहिन | स्वास्थ्य | २ | ० | २ | २ |
| | | | | 59 | 31 | 22 | 15 |

स्थायी पदपूर्तिका लागि समन्वयः रिक्त रहेका ३७.२९% पदहरूमा स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग वा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा यथाशीघ्र माग आकृति

फाराम भरी पठाउनुपर्ने देखिन्छ। करार जनशक्तिको वैज्ञानिक व्यवस्थापनः प्राविधिक र स्वास्थ्य जस्ता अत्यावश्यक सेवामा कार्यरत १५ जना करार कर्मचारीहरूको कार्यसम्पादन सम्झौताका आधारमा निरन्तरता र क्षमता विकासका कार्यक्रमहरू संचालन गर्नुपर्दछ। संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey): केही पदहरूमा (जस्तै सि.नं. १९ को सब-इन्जिनियर पदमा) दरबन्दी र पदपूर्तिको सन्तुलन मिलाउन तथा कार्यबोझको मूल्यांकन गर्न आगामी आर्थिक वर्षमा नयाँ 'ओ एण्ड एम' (O&M) सर्वेक्षण गर्नु उपयुक्त हुने देखिन्छ।

### ग) स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LGPAS):

**समग्र मूल्याङ्कन अवस्था**

अपिहिमाल गाउँपालिकाले समग्र मूल्याङ्कनमा ६४.१ प्रतिशत अङ्क प्राप्त गरी आफूलाई 'मध्यम' श्रेणीमा उभ्याएको छ। मूल्याङ्कनका लागि पाँच वटा मुख्य क्षेत्रहरू निर्धारण गरिएका थिए भने कुल ३१३ वटा दस्तावेजहरू पेश गरी सत प्रतिशत प्रगति हासिल गरिएको छ। यस नतिजाले गाउँपालिका प्रशासनिक र संस्थागत सुधारको प्रक्रियामा रहेको संकेत गर्दछ।

**सुशासन तथा संस्थागत विकास**

सुशासन तथा संस्थागत विकासको क्षेत्रमा गाउँपालिकाले कुल ४० अङ्कमा २८.१२ अङ्क प्राप्त गरेको छ, जसलाई सन्तोषजनक मान्न सकिन्छ। योजना तथा बजेट व्यवस्थापन खण्डमा ८ मा ६.५४ अङ्क प्राप्त भएको छ, जहाँ बजेट खर्चमा अनुशासन र आयोजना कार्यान्वयनमा जनसहभागिता जस्ता सूचकहरूमा गाउँपालिकाले पूर्ण अङ्क हासिल गरेको छ। सार्वजनिक वित्त व्यवस्थापनतर्फ कुल ११ अङ्कमा ७.४० अङ्क प्राप्त हुनुले आर्थिक प्रशासन र लेखा प्रणाली व्यवस्थित रहेको देखाउँछ। यद्यपि पारदर्शिता र उत्तरदायित्वको पक्ष भने केही कमजोर रहँदै ५ मा २.५३ अङ्क मात्र प्राप्त भएको छ। गाउँसभा र कार्यपालिकाका निर्णयहरू समयमै वेबसाइटमा सार्वजनिक नहुनु यसको मुख्य कारण बनेको छ।

**सामाजिक विकास**

सामाजिक विकासको क्षेत्रमा गाउँपालिकाले २० मा ११.६४ अङ्क प्राप्त गर्दै औसत प्रदर्शन गरेको छ। यस अन्तर्गत स्वास्थ्य क्षेत्रमा ५ मा ४.१४ अङ्क प्राप्त हुनु निकै सकारात्मक पक्ष हो। तर सामाजिक समावेशीकरण र संरक्षणको पाटो भने सबैभन्दा कमजोर देखिएको छ। यस शीर्षकमा ८ अङ्कमा मात्र २.५० अङ्क प्राप्त भएको छ। विशेषगरी बाल संरक्षण, बाल सहभागिता, र युवा परिचालन जस्ता महत्त्वपूर्ण सूचकहरूमा गाउँपालिकाले ठोस काम गर्न नसकेको अवस्था तथ्याङ्कले देखाउँछ।

**आर्थिक विकास**

आर्थिक विकासको क्षेत्र गाउँपालिकाको सबैभन्दा सबल पक्षको रूपमा देखिएको छ, जहाँ कुल २० अङ्कमा १४.२२ अङ्क प्राप्त भएको छ। स्थानीय आर्थिक विकास उपशीर्षकमा ५ मा ४.३६ अङ्क प्राप्त गरी उत्कृष्ट नतिजा कायम भएको छ भने उद्यमशीलता र रोजगारीमा ५ मा ३.९२ अङ्क हात लागेको छ। कृषि, पशु तथा सहकारी क्षेत्रमा ८ मा ५.०९ अङ्क प्राप्त भए तापनि कृषि तथा पशुजन्य रोग नियन्त्रण जस्ता सूचकमा अपेक्षित रूपमा काम हुन सकेको छैन।

**पूर्वाधार विकास**

पूर्वाधार क्षेत्रमा गाउँपालिकाले १० मा ५.९१ अङ्क प्राप्त गर्दै आधा भन्दा अलिकति मात्र बढी प्रगति देखाएको छ। भवन तथा अन्य सामाजिक पूर्वाधारतर्फ ५ मा ३.६३ अङ्क प्राप्त भए पनि स्थानीय सडक निर्माणको अवस्था कमजोर रहँदै ३ मा १.१६ अङ्क मात्र सीमित भएको छ। सडक निर्माणका क्रममा पालना गर्नुपर्ने प्राविधिक मापदण्डहरू जस्तै पानीको निकास, सडकपेटी, र बायोइन्जिनियरिङको अवस्था अत्यन्तै न्यून रहेको पाइएको छ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

वन, वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्र १० मा ४.१९ अङ्क मात्र प्राप्त भएकाले गाउँपालिकाका लागि प्रमुख चुनौतीको रूपमा खडा भएको छ। वातावरण संरक्षण उपक्षेत्रमा ७ मा २.६१ अङ्क मात्र प्राप्त भएको छ, जसमा फोहोरमैला व्यवस्थापन नीति, प्रविधि तथा सहकार्य जस्ता सूचकहरूमा शून्य अङ्क रहेको छ। विपद् व्यवस्थापनतर्फ भने ३ मा १.५८ अङ्क प्राप्त भएको छ।

## भाग ७. निष्कर्ष तथा सुझावहरू

अपिहिमाल गाउँपालिकाले आर्थिक विकास, योजना निर्माण र स्वास्थ्य जस्ता क्षेत्रमा राम्रो प्रगति गरेको छ। तर समग्र संस्थागत क्षमतालाई अझ सुदृढ बनाउन पारदर्शिता र सूचना प्रविधिको प्रयोग बढाउँदै कार्यपालिका तथा गाउँसभाका निर्णयहरू तोकिएको समयभित्रै अनिवार्य रूपमा वेबसाइटमा सार्वजनिक गर्नुपर्ने देखिन्छ। सामाजिक समावेशीकरण अन्तर्गत बाल अधिकार समिति गठन, युवा परिचालन कार्यक्रम र सीप विकासमा विशेष ध्यान दिनु आवश्यक छ।

त्यसैगरी वातावरण तथा फोहोरमैला व्यवस्थापनका लागि ल्यान्डफिल साइटको पहिचान, फोहोरमैला वर्गीकरण र वातावरणीय मापदण्डहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। सडक तथा पूर्वाधार निर्माण गर्दा पानीको निकास र मापदण्डअनुसारको 'Right of Way' कडाइका साथ लागू गरेमा गाउँपालिकाको विकास दिगो र भरपर्दो बन्ने देखिन्छ।

- **वित्तीय सुशासन**

अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को महालेखापरीक्षकको प्रतिवेदनमा औँल्याइएका तथ्य, कैफियत र निष्कर्षहरूका आधारमा आगामी आर्थिक सर्वेक्षण, नीति तथा कार्यक्रम, र वार्षिक बजेट तर्जुमाका लागि तयार पारिएको विस्तृत सुझावमूलक प्रतिवेदनको आधिकारिक प्रारूप देहायबमोजिम प्रस्तुत गरिएको छ।

**१. वित्तीय व्यवस्थापन, बजेट अनुशासन र राजस्व परिचालन**

गाउँपालिकाको समग्र वित्तीय सन्तुलन र आत्मनिर्भरताका लागि स्थानीय राजस्वको हिस्सा अभिवृद्धि गर्नु अपरिहार्य देखिएको छ। वर्तमान अवस्थामा सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको तुलनामा आन्तरिक आयको योगदान अत्यन्त न्यून (कुल खर्चको ०.६९ प्रतिशत मात्र) रहेकाले आगामी नीति तथा कार्यक्रम मार्फत व्यवसाय कर, बहाल कर, विज्ञापन कर र सेवा शुल्कको दायरालाई कानुनी रूपमा विस्तार गर्नु पर्नेछ। बजेट अनुशासनलाई सुदृढ गर्न 'विविध' वा 'अवण्डा' शीर्षकमा बजेट विनियोजन गर्ने र आर्थिक वर्षको अन्त्यमा हतार हतार रकमान्तर गरी "असारे विकास" गर्ने परिपाटीलाई पूर्ण रूपमा निरुत्साहित गर्नु पर्नेछ। पूर्व-तयारी (साइट क्लियरेन्स, विस्तृत सम्भाव्यता अध्ययन र लागत अनुमान) सम्पन्न भएका आयोजनाहरूलाई मात्र वार्षिक विकास कार्यक्रममा समावेश गर्नु साथै, गाउँपालिकाको स्वामित्वमा रहेका ब्याकहो लोडर लगायतका भारी यन्त्र उपकरणहरू सञ्चालन गर्दा निश्चित कार्यविधि र लगबुकको आधारमा दररेट तोकी शुल्क असुल गर्ने व्यवस्था मिलाइनेछ।

## २. सार्वजनिक खरिद प्रणाली, पूर्वाधार विकास तथा परामर्श सेवा

सार्वजनिक खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्न खरिद ऐन र नियमावलीको अक्षरसः पालना गर्नु पर्नेछ। एउटै प्रकृतिका कार्य वा मालसामान खरिद गर्दा प्रतिस्पर्धा सीमित गराउने उद्देश्यले टुक्रा-टुक्रा पारी सोझै खरिद गर्ने प्रवृत्तिलाई पूर्ण रूपमा रोक लगाई वार्षिक खरिद योजना (Master Procurement Plan) बमोजिम प्याकेजमा मात्र बोलपत्र आह्वान गर्नु पर्नेछ। उपभोक्ता समिति मार्फत सञ्चालन गरिने विकास निर्माणका कार्यहरूलाई श्रममूलक प्रविधिमा आधारित बनाउदै र निर्माण कार्यमा भारी मेसिनरी उपकरणहरूको प्रयोगलाई पूर्ण रूपमा प्रतिबन्ध लगाउनु पर्ने छ। पूर्वाधार आयोजनाहरूको दिगोपनाका लागि स्पेसिफिकेसन बमोजिम निर्माण सामग्रीको अनिवार्य गुणस्तर परीक्षण (Lab Test) गराई सोको प्रतिवेदन रनिङ बिलको साथमा संलग्न भएपछि मात्र भुक्तानी दिने व्यवस्था अनिवार्य गर्नु पर्नेछ। परामर्श सेवामा हुने अनुत्पादक खर्च कटौती गर्न बाह्य परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गराउने कार्यलाई निरुत्साहित गरी कार्यालयकै प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गरी परिचालन गरिने नीति अवलम्बन गर्नु पर्नेछ।

## ३. प्रशासनिक सुधार, जनशक्ति व्यवस्थापन र सामाजिक सुरक्षा

गाउँपालिकाको प्रशासनिक सञ्चालनलाई चुस्त र कानुनी दायराभित्र ल्याउन जनशक्ति व्यवस्थापनमा व्यापक सुधार गर्नु पर्नेछ। न्यूनतम आवश्यकता र दरबन्दीको पहिचानका लागि अनिवार्य रूपमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गराई सोको सिफारिसका आधारमा मात्र नयाँ जनशक्ति व्यवस्थापन गर्नु पर्नेछ। करार सेवामा कर्मचारी भर्ना गर्दा खुला र पारदर्शी प्रतिस्पर्धाको माध्यमबाट मात्र गर्नु पर्नेछ। गाउँपालिकाको सीमित आन्तरिक स्रोतको तुलनामा पदाधिकारी सुविधाहरूमा भइरहेको खर्च अस्वाभाविक देखिएकाले अनुत्पादक प्रशासनिक खर्चमा नियन्त्रण र सङ्कुचन ल्याइनु पर्छ। कृषि तथा पशुपालन क्षेत्रमा प्रदान गरिने अनुदानलाई लक्षित वर्गसम्म पुऱ्याउन किसानहरूको डिजिटल सूचीकरण गरी अनुदान प्रवाहमा हुनसक्ने दोहोरोपना र बेथिति अन्त्य गर्नु पर्नेछ। सामाजिक सुरक्षा भत्तातर्फ बैंकिङ प्रणालीलाई सञ्चालन गर्दै ग्राहक पहिचान (KYC) विवरण अनिवार्य रूपमा अद्यावधिक गर्नु पर्नेछ। मृत्यु भएका वा बसाइँसराइ गरेका लाभग्राहीका निष्क्रिय खाताहरू तत्काल बन्द गरी सो खातामा रहेको मौज्दात रकम सङ्घीय सञ्चित कोषमा फिर्ता पठाइनेछ।

## ४. शैक्षिक गुणस्तर, स्वास्थ्य सेवा र समग्र संस्थागत सुशासन

सामुदायिक विद्यालयहरूमा देखिएको असमान शिक्षक-विद्यार्थी अनुपात (१:६ देखि १:२२ सम्म) र भर्ना संकुचनका कारण सिर्जित उच्च प्रतिविद्यार्थी लागतलाई सन्तुलनमा ल्याउन न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयहरूको तत्काल समायोजन (Merger) र शिक्षक दरबन्दी मिलान कार्य अघि बढाइनेछ। विद्यालयहरूलाई वितरण गरिने दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्तिको अनुदान रकम एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को वास्तविक तथ्याङ्कका आधारमा मात्र निकासा दिइनेछ। स्वास्थ्य क्षेत्र तर्फ, औषधि तथा सर्जिकल सामान खरिद गर्दा म्याद सकिने मिति (Expiry Date), ब्याच नम्बर र गुणस्तरको प्राविधिक सुनिश्चितता कायम गरी सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

संस्थागत सुशासन प्रवर्द्धनका लागि कानुनको मर्मबमोजिम प्रत्येक त्रैमासिक अवधिमा अनिवार्य रूपमा आन्तरिक लेखापरीक्षण गराई औँल्याइएका प्रारम्भिक त्रुटिहरू समयमै सच्याउनु पर्नेछ। विगतका वर्षहरूदेखि फर्स्योट हुन बाँकी रहेको म्याद नाघेको पेस्की र कुल बेरुजु रकम असुलउपर एवं फर्स्योट गर्नका लागि एक सुदृढ र अधिकार सम्पन्न 'बेरुजु फर्स्योट कार्यदल' गठन गर्नु पर्नेछ। सार्वजनिक जवाफदेहिता वहन गर्ने पदमा रहेका व्यक्तिहरूको बेरुजु बाँकी रहेमा नयाँ नियुक्ति, कार्यसम्पादन मूल्याङ्कन र वृत्ति विकासमा रोक लगाउने नीतिगत व्यवस्था गर्नु पर्नेछ। स्थानीय सेवा प्रवाहलाई उत्तरदायी र जनमुखी बनाउन नियमित रूपमा सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक सुनुवाइ (Public Hearing) गर्ने परिपाटीलाई संस्थागत गर्नु पर्नेछ।

## गाउँपालिकाको समग्र विकास, आर्थिक वृद्धि र सुशासन प्रवर्द्धनका लागि देहायबमोजिमका क्षेत्रगत सुझावहरू प्रस्तुत गरिएको छः

अपिहिमाल गाउँपालिकाले दिगो आर्थिक वृद्धि र संस्थागत सुशासन हासिल गर्नका लागि आगामी वर्षको वार्षिक नीति, कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने नीतिगत, संरचनागत तथा व्यावहारिक सुधारका उपायहरूको विस्तृत विवरण यहाँ प्रस्तुत गरिएको छ।

### वित्तीय व्यवस्थापन र राजस्व परिचालन

सङ्घीय र प्रदेश अनुदानमाथिको निर्भरता कम गर्न गाउँपालिकाले आन्तरिक राजस्वको दायरा फराकिलो बनाउनुपर्छ। यसका लागि व्यवसाय कर, बहाल कर, विज्ञापन कर र सेवा शुल्कलाई कानुनी दायराभित्र ल्याई कडाइका साथ सङ्कलन गर्नुपर्दछ। बजेट अनुशासन कायम गर्न 'विविध' वा 'अवण्डा' शीर्षकमा बजेट राख्ने र आर्थिक वर्षको अन्त्यमा हतारहतार रकमान्तर गरी असारे

विकास गर्ने परिपाटीलाई पूर्ण रूपमा अन्त्य गर्नुपर्छ। पूर्वतयारी जस्तै साइट क्लियरेन्स, DPR र लागत अनुमान पूरा भएका आयोजनाहरूलाई मात्र वार्षिक विकास कार्यक्रममा समावेश गर्नुपर्छ। गाउँपालिकासँग भएका ब्याकहो लोडर लगायतका भारी मेसिनरी उपकरणहरूको लगबुक राखी निश्चित दररेटका आधारमा भाडा असुल गर्ने व्यवस्था मिलाएर सम्पत्तिको अधिकतम उपयोग गर्नुपर्छ।

**पूर्वाधार विकास र सार्वजनिक खरिद**

प्रतिस्पर्धा सीमित गर्न टुक्राटुक्रा पारेर सोझै खरिद गर्ने प्रवृत्ति रोकी अनिवार्य रूपमा वार्षिक खरिद योजना बनाएर प्याकेजमै बोलपत्र आह्वान गरी पारदर्शी खरिद प्रणाली लागू गर्नुपर्छ। उपभोक्ता समितिमार्फत हुने निर्माण कार्यमा हेभी मेसिनरीको प्रयोग प्रतिबन्ध गरी श्रममूलक प्रविधि अपनाउनुपर्छ। निर्माण सामग्रीको अनिवार्य ल्याब परीक्षण गराई प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी दिने व्यवस्था गरेर गुणस्तर नियन्त्रणमा जोड दिनुपर्छ। बाह्य परामर्शदाताबाट महँगो DPR तयार गराउने अनुत्पादक खर्च घटाएर आफ्नै कार्यालयका प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गरी काम गराउनुपर्छ। सडक निर्माण गर्दा पानीको निकास र मापदण्डअनुसारको 'Right of Way' कडाइका साथ लागू गर्नुपर्छ।

**कृषि, पर्यटन र स्थानीय आर्थिक विकास**

कृषि र पर्यटन जस्ता उत्पादनशील क्षेत्रमा ठूलो बजेट विनियोजन भए पनि खर्च दर अत्यन्तै न्यून अर्थात् कृषिमा २२ प्रतिशत र पर्यटनमा १६.७ प्रतिशत मात्र रहेकाले यसको कार्यान्वयन क्षमता बढाउन तत्काल संयन्त्र सुधार गर्नुपर्छ। कृषि तथा पशुपालन अनुदान लक्षित वर्गमा पुऱ्याउन र दोहोरोपना रोक्न किसानहरूको डिजिटल सूचीकरण अनिवार्य रूपमा लागू गर्नुपर्छ। निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक-निजी साझेदारी (PPP) मोडल अपनाउँदै कृषि आधुनिकीकरण, स्थानीय उद्योग सञ्चालन र पर्यटन प्रवर्द्धन गर्नुपर्छ।

**शिक्षा र स्वास्थ्य क्षेत्र सुधार**

गाउँपालिकामा विद्यार्थी सङ्ख्या निरन्तर घट्दै गएको र एक वर्षमै १६.८ प्रतिशतले कमी आएको सन्दर्भमा न्यून विद्यार्थी भएका विद्यालयहरूलाई समायोजन गरी शिक्षक दरबन्दी मिलान गर्नुपर्छ। दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्तिको रकम एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को वास्तविक तथ्याङ्कका आधारमा मात्र निकासा दिने व्यवस्था मिलाउनुपर्छ। पूर्ण खोप, परिवार नियोजन र दक्ष प्रसूतिकर्मीमार्फत हुने सुत्केरी सेवामा देखिएको गम्भीर गिरावटको मुख्य

कारण पहिचान गरी लक्षित सुधार कार्यक्रम र रणनीतिक हस्तक्षेप गर्नुपर्छ। स्वास्थ्य संस्थाका लागि औषधि खरिद गर्दा गुणस्तर, ब्याच नम्बर र म्याद सकिने मिति कडाइका साथ जाँच्नुपर्छ।

**प्रशासनिक सुधार र सुशासन**

कर्मचारी भर्ना गर्नुअघि अनिवार्य रूपमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गराउनुपर्छ र करार सेवामा खुला तथा पारदर्शी प्रतिस्पर्धाबाट मात्र कर्मचारी भर्ना गरी वैज्ञानिक जनशक्ति व्यवस्थापन लागू गर्नुपर्छ। सामाजिक सुरक्षा भत्ता वितरणमा KYC अद्यावधिक गर्ने तथा मृत्यु भएका वा बसाइँ सरेका लाभग्राहीको निष्क्रिय खाता तत्काल बन्द गरी मौज्दात रकम फिर्ता पठाई सामाजिक सुरक्षा वितरणमा कडाइ गर्नुपर्छ। बेरुजु असुलउपर गर्न अधिकारसम्पन्न बेरुजु फर्स्योट कार्यदल गठन गर्नुपर्छ। कार्यपालिका र गाउँसभाका निर्णयहरू अनिवार्य रूपमा समयमै वेबसाइटमा सार्वजनिक गर्ने तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइलाई नियमित गरी प्रशासनिक पारदर्शितातर्फ जोड दिनुपर्छ।

**वातावरण संरक्षण**

पूर्वाधार निर्माणमा न्यून रहेको वातावरण र जलवायु अनुकूलनको बजेट व्यवस्थापन गरी जलवायु अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त ल्यान्डफिल साइटको पहिचान गर्ने र फोहोरमैला वर्गीकरणलाई स्थानीय स्तरमा प्रभावकारी रूपमा लागू गर्नुपर्छ।